# राजापुर नगरपालिकाको

# खानेपानी,सरसफाइ तथा स्वच्छता (वास) योजना

# २०७७




**राजापुर नगरपालिकाको कार्यालय**
**राजापुर नगरपालिका, बर्दिया**
**लुम्बिनी प्रदेश**

# प्रतिबद्धता



खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको एउटा दिर्घकालिन योजना खाकाको निक्कै खाँचो महसुस भैरहेको थियो। यसै सिलसिलामा भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेशले नगरपालिकाको वाश योजना बनाउने कार्यको लागि सहजीकरण गरि योजना तर्जुमामा बाटो देखाउने कार्य गरेकोमा आभार व्यक्त गर्दछु | नगरपालिका गठन भए देखि नै खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा आवश्यकता महसुस गरिएको एउटा दीर्घकालीन योजना खाकाको खाँचो पुरा गर्न यो वाश योजना सफल हुने कुरामा विश्वास लिएको छु। नगरपालिका वास योजना तयार गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराउने भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश प्रति हामी धेरै अभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ। यो वास योजना तयार गर्न ठुलो योगदान दिने तथ्याङ्क संकलकहरु, सहकर्मी जनप्रतिनिधि मित्रहरु, वडातह तथा नगरपालिका तहका वास योजना कार्यदलका सदस्यहरु, प्रदेश मन्त्रालयबाट खटिनुभएका वाश संयोजक यज्ञ राज जोशी, योजना तर्जुमामा सहजीकरण तथा तथ्यांकहरुको बिश्लेषण गरि योजना पुस्तक तयार गर्नमा सहयोग पुर्याउने IDS Nepal (GSF/UNHABITAT) र नगरपालिकाको तर्फबाट सूचना प्रबिधि अधिकृत खुसी राम थारु लगायत नगर कार्यपालिकाको अन्य कर्मचारी मित्रहरु एवं प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सन २०२५ सम्म राजापुर नगरपालिकामा सबैलाई "एक घर एक धारा" अर्थात् आधारभूत स्तरको खानेपानी र सन् २०३० सम्म दीगो विकास लक्ष्य अन्तर्गत सुरक्षित खानेपानी, सुरक्षित सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्न यो वास योजनाको सफल कार्यान्वयनको लागि नगरपालिकाको तर्फ बाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु र नगरपालिका वास योजना अनुसारको लक्ष्य समयमै हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, दातृ निकायहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु र अन्य सबै सरोकारवाला पक्षहरुबाट अमुल्य सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

..............................

शिव प्रसाद चौधरी

नगर प्रमुख

# धन्यबाद !



यो योजना दस्तावेज तयारीमा प्रदेश मन्त्रालय, बिभिन्न संघ संस्थाहरु तथा नगरपालिका र वडाका जनप्रतिनिधिका साथै कर्मचारी साथीहरुको उच्च सहभागितात्मक संलग्नता रहेकोमा म अनुगृहित छु । जसले यो योजना कार्यानव्यन गर्न सबैले स्वमित्त्व ग्रहण गने कुराको प्रत्याभूति गर्दछ । मलाइ आशा छ यो वाश योजनाले हाम्रा अवश्यकता, पर्याप्त र सुरक्षित खानेपानी प्राप्त गने चाहना, घर आंगनमा यथोचित सरसफाइका सुविधाहरू सहित पूर्णसरसफाइ र ती सुविधाहरू दीगो गर्नको लागि पथ प्रदर्शन गर्ने दस्तावेज हुने छ ।

नगरपालिका वास योजना तयार गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराउने भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश प्रति हामी धेरै अभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ । यो वास योजना तयार गर्न ठुलो योगदान दिने तथ्याङ्क संकलकहरु, सहकर्मी जनप्रतिनिधि मित्रहरु, वडातह तथा नगरपालिका तहका वास योजना कार्यदलका सदस्यहरु, प्रदेश मन्त्रालयबाट खटिनुभएका वाश संयोजक यज्ञ राज जोशी, योजना तर्जुमामा सहजीकरण गर्ने IDS Nepal (GSF/UNHABITAT) र तथ्यांकहरुको बिश्लेषण गरि योजना पुस्तक तयार गर्नमा सहयोग पुर्याउने GIZ अन्तर्गतको सुशासनका लागि क्षमता विकास (CDSG) कार्यक्रम र FCG का बिज्ञ बिपिन पौडेल, नगरपालिकाको तर्फबाट सूचना प्रविधि अधिकृत खुशिराम थारु लगायत नगर कार्यपालिकाको अन्य कर्मचारी मित्रहरु एवं प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यबाद !

.................................
मनकला चौधरी
नगर उप-प्रमुख



नेपालको संविधान, २०७२ को मौलिक हक धारा ३५ स्वास्थ्य सम्बन्धि हक अन्तर्गत उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको सुनिश्चितता गरिएको छ । दिगो बिकास लक्ष्य (SDGs) परिपुर्तिका लागि पुर्णसरसफाई मार्गदर्शन, २०७३ बमोजिम नगरपालिकास्तरीय खानेपानी, सरसफाइ र स्वच्छता योजना (Municipality Level WASH Plan) निर्माण गर्न प्रदेश सरकार मन्त्रीपरिषद् वाट स्वीकृत खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) कार्यविधि, २०७६ अनुसार राजापुर नगरपालिकावाट राजापुर नगरपालिका खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) योजना, २०७७ स्वीकृत गरि जारी गरिएको छ । यश महत्तम शुभ कार्यमा कुशल नेतृत्व प्रदान गर्नु हुने आदरणीय नगर प्रमुख श्री शिवप्रसाद चौधरीज्यु, उपप्रमुख श्री मनकला कुमारी चौधरीज्यु, वडाध्यक्षज्युहरु र कार्यपालिका सदस्यज्युहरु, लुम्बिनी प्रदेश भौतिक पुर्वाधार बिकास मन्त्रालय जस्ले प्राविधिक सहयोग उपलब्ध गरायो, माननीय प्रदेश सांसदज्युहरु, जिल्ला समन्वय समिति, बर्दिया, प्रदेश मन्त्रालयवाट खटिई आउनु भएका पालिका बाँस संयोजक श्री यज्ञराज जोशी, योजना तर्जुमा, स्थलगत कार्यमा सहयोग पुर्याउनु हुने IDS Nepal (GSF/UN HABITAT), GIZ अन्तर्गतको सुशासनका लागि क्षमता बिकास (CDSG) कार्यक्रम र FCG का बिज्ञ, नगरपालिकाका सूचना अधिकृत श्री खुशीराम थारु र वाँहाका टिमका अधिकृत तथा सहायक कर्मचारीहरु र प्रत्यक्ष एवम् परोक्ष निर्देशन, समन्वय, दिशा निर्देशन र आवश्यक सहयोग पुर्याउनु हुने बडघरज्युहरु र सम्पुर्ण राजापुर नगरपालिका स्थित क्रियाशिल राजनीतिक दल, संघ संस्था र स्थानीय नागरिकहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । अन्त्यमा, सारभुत रूपमा भन्नुपर्दा राजापुर नगरपालिका एउटा नवोदित आधुनिक शहरको रेखांकनको रुपमा बिकास अग्रगमनको प्रचुर सम्भाव्यता युक्त नगर रहेको यहाँका अधिकांश श्रमजीवी, मेहनती थारु समुदायको सक्रिय क्रियाशिलताले गर्दा पनि खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) योजना अपरिहार्य, दुरगामी प्रभाव राख्ने अत्यन्त महत्वको बिषय रहेको तथ्य घाम जत्तिकै छर्लङ्ग रहेको छ । तसर्थ यो योजना पुस्तिकाले नागरिकको स्वास्थ्य तथा सरसफाइ स्वच्छता अभियानमा एउटा कोशेढुङ्गा (Mile Stone) सहितको स्पष्ट मार्गदर्शन (Clear -Cut Roadmap) हामी सामु प्राप्त भएको छ जुन हालसम्म बर्दिया जिल्लामा बाँस योजना निर्माणमा अग्रणी रहेकोमा अत्यन्तै गौरवान्वित हुँदै कोभिड -१९ बिश्वब्यापी महामारीको जटिलता एवम् विषम परिस्थितिका बाबजुद घरैवाट समेत समन्वय तथा प्राविधिक कार्यमा यथेष्ट सहयोग पुर्याउनु हुने जनप्रतिनिधि, विभिन्न संघ संस्था, दातृ संस्था, बिकास साझेदार र कर्मचारी मित्रहरू प्रति हार्दिक कृतज्ञताका साथ यश योजनाले निकट भविष्यमा लगानीको सुनिश्चितताका साथ योजना कार्यान्वयन गरि अपेक्षित जनभावनाको कदर गर्नेछ भन्ने अभिव्यक्तिका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद शनिबार ११ पुस २०७७ शुभम् ।

..............................

(बसन्तराज अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत

राजापुर नगरकार्यपालिकाको कार्यालय राजापुर, बर्दिया ।

# विषयसूची


**अध्याय १ .खानेपानी, सरसफाइ तथा स्वच्छता) वास (योजनाको परिचय .................. ७**

**१.१ पृष्ठभूमि** ........................................ ७

**१.२ औचित्य** ........................................ ७

**१.३ उद्देश्य** ........................................ ८

**१.४ समयावधि** ........................................ ८

**१.५ अध्ययनका सिमा** ........................................ ८

**१.६ तयारी विधि र प्रकृया** ........................................ ८

१.६.१ स्थानीयतहको तयारी बैठक तथा अभिमुखीकरण **ङ्कचचद्वच! ब्द्वद्वण□कचण थ्द्व□ घङ्गद्दन्थङ्गघ.**

१.६.२ वडा स्तरीय तयारी वैठक तथा अभिमुखीकरण .. **ङ्कचचद्वच! ब्द्वद्वण□कचण थ्द्व□ घङ्गद्दन्थङ्गघ.**

१.६.३ तथ्याङ्क संकलन ........................................ १०

१.६.४ वडामा प्रस्तुति तथा योजना तर्जुमा गोष्ठि ........................................ ११

१.६.५ नगरस्तरीय योजना तर्जुमा गोष्ठि ........................................ ११

१.६.६ वास योजना तयारी तथा सार्वजनिकिकरण ........................................ ११

**१.७ राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन,नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता** ........................................ १२

**अध्याय २ .नगरपालिकाको बस्तुगत विवरण ........................................ १८**

२.१. भौगोलिक अवस्थिति र बनोट ........................................ १८

२.१.१ भौतिक अवस्थिति ........................................ १८

२.१.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........................................ १९

२.१.३ राजनीतिक अवस्थिति ........................................ १९

२.१.४ धरातलीय अवस्था ........................................ १९

२.१.५ प्राकृतिक सम्पदा ........................................ २०

२.१.६ हावापानी ........................................ २०

२.१.७ पर्यटकीय, सास्कृतिक र मनोरम स्थलहरू र सांस्कृतिक उत्कृष्टता ........................................ २०

२.२ पहुँच ........................................ २०

२.३ भू–उपयोग तथा वातावरण ........................................ २०

२.४ जात जाति र जनसाङ्ख्यिक विवरण ........................................ २१

२.५ जनसंख्याको गतिशिलता ........................................ २२

२.६ सार्बजनिक तथा संस्थागत शौचालय ........................................ २३

२.७ वास क्षेत्रमा कार्यरत बिकास साझेदारहरु ................................................ २४

**अध्याय ३ :खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति................................ २४**

३.१ खानेपानीको प्राथमिक श्रोत................................................ २४

३.२ पानी भर्न लाग्ने समयको आधारमा पानीमा पहुँच................................................ २४

३.३ पानीको उपलब्धता................................................ २५

३.४ मौजुदा तथा निर्माणाधीन खानेपानी प्रणाली/योजनाहरु ................................................ २५

३.५ खानेपानीको समितिहरुको दर्ता अवस्था................................................२६

३.६ खानेपानीको गुणस्तर................................................२६

३.७ घरायसी खानेपानीको सुबिधास्तर................................................ २८

३.८ स्वास्थ्य संस्थामा खानेपानीको सुबिधास्तर................................................ २९

**अध्याय ४ : खानेपानी, सरसफाइ तथा स्वच्छता योजना ................................ ३६**

**४.१ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको सोच, लक्ष्य तथा अपेक्षित उपलब्धिहरु**...............३६

**४.२ खानेपानी, सरसफाई तथा स्वच्छता योजना कार्यान्वयन रणनीति**......................................३९

**अध्याय ५ : कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण ........................ ४२**

**वाश योजनाको कार्यान्वयन तथा अनुगमन ........................................ ५०**

# अध्याय १. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको छ | यसको अर्थ सवै नेपाली जनताहरुलाई सफा र स्वच्छ पिउनेपानीको सहज व्यवस्था गर्ने प्रण नेपालले संबैधानिक तवरले नै गरेको छ । यसै गरी सवै नेपाली जनताहरुलाई सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको प्रत्याभूति पनि नेपालले संबैधानिक रुपमै गरेको छ । यसै अनुरुप संघिय, प्रदेश तथा स्थानीय सरकारहरुले खानेपानी तथा सरसफाइका कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गर्नुपर्ने अपरिहार्य छ । यसै सन्दर्भमा नगरपालिकाले सबै नगरबासिलाई स्वच्छ पिउनेपानी र सरसफाइको सहज व्यवस्था गर्ने अठोटका साथ सहभागितामुलक तरिकाबाट यो वाश योजना तर्जुमा गरेको हो ।

पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाइका क्रियाकलाप सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाइ उन्मुख क्षेत्र गरी दुइ चरणमा बाँडेर सञ्चालित छन् । पहिलो चरणमा सफा र स्वच्छ क्षेत्र घोषणाका लागी पनि विभिन्न २७ वटा सूचकमा निश्चित अवस्था हासिल गर्नु पर्नेछ, जसका लागि सरसफाइ र स्वच्छता सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषण गरी सम्बन्धित क्षेत्रका समन्वय समितिहरुले सरोकारवालाहरुको सहभागिता र सक्रियतामा गाउँपालिका वा नगरपालिका खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH Plan) तर्जुमा गरिने छ भन्ने बुँदा उल्लेख गरिएको छ जुन अति महत्वपूर्ण र अन्य सबै सूचकहरुलाई प्रभावित पार्ने विषय हो ।

नेपालको सन्दर्भमा दिगो विकास लक्ष्य (Sustainable Development Goal) को परिपूर्तिका लागि देशको संघीय राज्य संरचनामा व्यवस्था भए बमोजिमका तीन तह (संघीय, प्रादेशिक र स्थानीय तह) मा रहेका मन्त्रालय, विभिन्न निकाय र मातहतमा रहेका संघसंस्थाहरूले आ–आफ्नो क्षेत्रबाट योगदान गरिरहेका छन् । यसमध्ये पनि **'सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने**' लक्ष्य प्राप्तिका लागि नगरपालिकास्तरमा यो वाश योजना तयार गरिएको छ |

प्रदेश सरकार (प्रदेश नम्बर ५) ले सन् २०२५  सम्म "एक घर एक धारा" पुर्याउने संकल्प गरे अनुरुप यस नगरपालिकाले पनि प्रदेश सरकारको सो लक्ष्य हँसिल गर्दै सन् २०३० सम्म दीगो विकास लक्ष्य समेत प्राप्त गर्न क्षेत्रगत योजनाको आवश्यकता महशुस गरि वाश योजना निर्माण अगाडी बढाएको हो | प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत खानेपानी, सरसफाइ तथा स्वच्छता (वाश) कार्यबिधि २०७६ अनुसार यस लुम्बिनी प्रदेश (प्रदेश नं ५) भित्रका सबै नगरपालिका तथा गाउँपालिकहरुले वाश योजना तयार गर्नुपर्ने भएकाले पनि यो वाश योजना वान्छनीय देखिएको हो |

## १.२ औचित्य

नगरपालिका  भित्रको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाई सन् २०२२ सम्म सबैलाई एक घर एक धारा अर्थात् आधारभूत तहको खानेपानी तथा सरसफाइ पुर्याउने र सन २०३० सम्म सुरक्षित खानेपानी र सुरक्षित सरसफाई तथा स्वच्छताको लक्ष्य हासिल गर्ने उद्देश्यले नगरपालिकाले खानेपानी सरसफाई र स्वच्छता योजना निर्माण गर्ने निर्णय गरेको हो । नगरपालिका  वास योजना बनाउनुको मुख्य उद्देश्य हालको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाउने, सर्वेक्षण बाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी नगरपालिकाको

खानेपानी,सरसफाई तथा स्वच्छता को नीति तथा प्राथमिकताहरु तय गर्ने प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता श्रोत साधान को यकीन गर्ने र कार्यन्वयन, अनुगमन तथा मूल्यांकनको विधिहरु सहित दस्तावेज तयार तथा तथ्याङ्कहरु संकलन गरी नगरपालिका को निर्णय प्रक्रिया लाई सहज गराउनु हो।

## १.३ उद्देश्य

वाश योजनाको प्रमुख उद्देश्य नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाई सेवाबाट बंचित समुदाय तथा क्षेत्रको लागि खानेपानी र सरसफाइ सेवाको सुनिश्चितता र सेवामा स्तरिकरण प्रदान गर्न योजना निर्माण गर्नु हो। यसबाट नगरबासिको लागि खानेपानी र सरसफाइ सेवाहरू सुरक्षित, पर्याप्त, पहुँच योग्य, स्वीकार्य र सामर्थ्यले भ्याउने गरी सुनिश्चत हुनेछन्। नगरपालिकामा विद्यमान श्रोतहरुको औचित्यपुर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको योजना निर्माण नै वाश योजनाको प्रमुख अपेक्षित परिणाम हो।

## १.४ समयावधि

यस वास योजनाको समयावधि प्रदेश सरकारले पास गरेको संकल्प प्रस्तावको मर्म अनुरुप सन् २०२५ सम्म सबैलाई एक घर एक धारा अर्थात् आधारभूत तहको खानेपानी तथा सरसफाइ पुर्याउने गरि र दिगो विकास लक्ष्य हाँसिल हुने गरी ७ वर्ष (सन २०२७) सम्मको हुनेछ र प्रत्येक दुई दुई बर्षमा अद्यावधिक तथा पुनरावलोकन गरिने छ।

## १.५ अध्ययनका सिमा

- सबै खानेपानी योजनाहरु बिशेष गरि ट्यूबेलहरुको जैविक तथा रासायनिक परिक्षण गर्न सकिएन,
- योजना निर्माण गर्ने बेलामा बिस्तृत अध्ययन गर्नै पर्ने भएकाले वाश योजनामा लागत अनुमानमा धैरै जोड नगरिएको
- पैसा तिर्न नपर्ने खालको मोबाइल एप्लीकेसन प्रयोग गरिएकोले केहि सिमितता भएको
- समय सिमा एकदमै थोरै भएको
- कोभिडको महामारीले वाश योजना निर्माणका क्रममा तथ्यांक संकलन एबम योजना तर्जुमामा धैरै समस्या भएको

## १.६ तयारी विधि र प्रकृया

वाश योजना तर्जुमा एक प्रकृयामा आधारित पद्दति हो | सर्बप्रथम त नगरपालीकाको वाश योजना निर्माण गर्नकालागि प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयसँग राजापुर नगरपालिकाले समझदारी पत्रमा हस्ताक्षर गर्यो | सोहि समझदारी अनुरुप प्रदेश मन्त्रालयले यस नगरपालिकाका दुई जना (एक जना वाश हेर्ने फोकल पर्सन र एक जना सूचना प्रबिधि अधिकृत ) लाई वाश योजना निर्माण सहजीकरण गर्नका लागि २ दिने तालिमको आयोजना गरि क्षमता विकास गर्ने कार्य गर्यो र पालिकामा तालिम तथा सहजीकरण गर्नका लागि एक जना वाश संयोजक पनि खटायो | यी तिनै जना तालिम प्राप्त व्यक्तिहरुले पालिकामा आई आबश्यक तयारी तथा

निर्माण प्रक्रियामा सहजीकरण गरे | खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तयारीमा नगरपालिकाले तपशिलका चरण र प्रकृयाहरु अवलम्वन गर्यो :




### १.६.१ स्थानीयतहको तयारी बैठक तथा अभिमुखीकरण

- पालिका वास कार्यदल गठन तथा वास योजना तर्जुमा सम्बन्धि अभिमुखिकरण,
- वास योजनाका लागि प्रयोग गरिने प्रश्नावली तथा m-Water मोबाइल एप्लिकेसन प्रयोग गर्ने निर्णय,
- वास योजना तर्जुमाका लागि विस्तृत बजेट तथा कार्य योजना निर्माण,
- वास योजना तर्जुमा संपर्क व्यक्ति छनोट गरी निर्देशिका बमोजिमका अन्य जनशक्ति व्यवस्थापन प्रक्रिया अघि बढाउने।
- तथ्याङ्क संकलकहरु छनोटको लागि निर्णय र आबस्यकताको बिज्ञापन खुलाइएको

### १.६.२ वडा स्तरीय तयारी वैठक तथा अभिमुखीकरण

- वडा वास कार्यदल गठन तथा अभिमुखिकरण गरिएको,
- अनुसूचि २ बमोजिम वडास्तरीय खानेपानी तथा सरसफ़ाइ योजनाहरुको विवरण तयार गरिएको
- तथ्याङ्क संकलकहरुलाई मोबाइल एप्लिकेसन मार्फत गरिने सर्भेक्षण सम्बन्धि अभिमुखिकरण गर्ने निर्णय गरिएको

### १.६.३ तथ्याङ्क संकलन

- तथ्याङ्क संकलनकर्ताहरुले वडा वास कार्यदलले मनोनित गरेका सदस्य सहित मोबाइल एप्लिकेसन द्वारा तिन प्रकारको प्रश्नावली प्रयोग गरि तिन प्रकारको तथ्यांकहरु -- घरायसी तह, संस्थागत तह तथा योजना तहका तथ्याङ्क संकलन गरेको हो | भौगोलिक अवस्था (GPS Point) सहितको तथ्याङ्क संकलन गरिएको हो |
- संकलित तथ्याङ्कहरुलाई पालिका वास संयोजकले दैनिक जाच गर्ने गरिएको थियो र केहि स्थानमा पुन तथ्याङ्क लिनु पर्ने अवस्थामा संकलनकर्ता लाई फिर्ता पठाई पुनः तथ्यांक संकलन गरिएको थियो
- तथ्याङ्क संकलन संपन्न पश्चात घारायसी तथा संस्थागत वास सुबिधा स्तर, योजनाको संचालन स्तर लगायत अन्य आवश्यकता बमोजिमका चार्ट (chart), टेबल तथा नक्साहरु तयार गरिएको थियो |

तथ्याङ्क संकलन गर्नका लागि निम्न ब्यक्तिहरुलाई तालिम दिई परिचालन गरिएको थियो :

*तालिका १ तथांक संकलकको विवरण*

| तथ्यांक संकलकको नाम | वडा नं. | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| अनिता चौधरी | | | | ३९४ | | | | | | | ३९४ |
| अनु चौधरी | | | | | | ६५६ | | | | | ६५६ |
| इकरा खान | | | | ६७६ | | | | | | | ६७६ |
| इश्वरी अमीन कुशुम्या | | | | ३ | | | | | | ७७८ | ७८१ |
| दिनेश चौधरी | | | ५५३ | | | | | | | | ५५३ |
| नरेश चौधरी | | ३ | | २ | | १ | | ३४० | | | ३४६ |
| निरमाया चौधरी | ४४५ | १ | | | | | | | | | ४४६ |
| निरु घर्ति | | | | | | | | | ५७७ | | ५७७ |
| पुर्ण बहादुर थारु | | ६४२ | | २ | | १ | | | | | ६४५ |
| प्रदेशु थारु | ३२२ | | १ | | | | | | | | ३२३ |
| बिजय थापा | | | | | | | १ | | | | १ |
| बिना कुमारी चौधरी | | | | | ५०० | | | | | | ५०० |
| रन्जना लम्साल | | | | १ | | | २८२ | | | | २८३ |
| रन्जीता चौधरी | | | | | | | | | ५२० | | ५२० |
| राधाकृष्ण चा◌ौधरी | | | | २ | | २ | १ | १ | | ६९१ | ६९७ |
| रेखा कुमारी थारु | | | | १ | १ | ५८० | | | | | ५८२ |
| लहानु चौधरी | | | | | | | | २६२ | | | २६२ |
| विनय पुन | | | | १ | | | | २५५ | १ | | २५७ |
| विमिता चौधरी | | ६४३ | | | | १ | | | | १ | ६४५ |
| शुभा कुमारी चौधरी | १ | ३ | | १ | ४७८ | १ | | १ | | २ | ४८७ |
| श्रीता शर्मा | | | | ६६७ | | | | | | | ६६७ |
| सरोज चौधरी | | | | | | | ५३६ | | | | ५३६ |
| सिनम भट्ट | ५०३ | | | | | | २ | | | | ५०५ |
| सुमित्रा कुमारी चौधरी | | १ | ६७९ | १ | | | | | | | ६८१ |
| सुरेश चौधरी | | | | | | | | २२४ | | | २२४ |
| सुसिला परियार | | १ | | | ४६२ | | | | | | ४६३ |
| जम्मा | १२७१ | १२९४ | १२३३ | १७५१ | १४४१ | १२४२ | ८२२ | १०८३ | १०९८ | १४७२ | १२७०७ |

### १.६.४ वडामा प्रस्तुति तथा योजना तर्जुमा गोष्ठि

- संकलित तथ्याङ्क रुजु गरी उपलब्ध चार्ट (chart), टेबल र नक्शाका आधारमा वडा स्तरीय वास योजना तर्जुमा
- वडास्तरीय वास विवरण तथा पालिका वास योजनाका लागि सिफारिस गरिएका क्रियाकलापहरु सार्वजनिक गरिएको।

*तालिका 1 : वडास्तरीय योजना तर्जुमा गोष्ठीहरु*

| वडा नं | वडा योजना तर्जुमा गोष्ठीको मिति |
|---|---|
| १ | २०७७।०५।२६ |
| २ | २०७७।०५।२१ |
| ३ | २०७७।०५।२३ |
| ४ | २०७७।०५।३० |
| ५ | २०७७।०५।२२ |
| ६ | २०७७।०५।२४ |
| ७ | २०७७।०५।२९ |
| ८ | २०७७।०५।२८ |
| ९ | २०७७।०५।२५ |
| १० | २०७७।०६।०७ |

### १.६.५ नगरस्तरीय योजना तर्जुमा गोष्ठि

नगरस्तरीय योजना तर्जुमा गोष्ठीको मिति, के गरिएको थियो, के निर्णय भयो ?

मिति २०७७ असोज २५ गते का दिन यस राजापुर नगरपालिकाको खानेपानि सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक बाट यस राजापुर नगरपालिकाको वास योजना निर्माणका लागि संकलित तथ्याकंहरुको प्रस्तुतीकण तथा विष्लेशण गरी खानेपानि सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयनका लागि नगरपालिकाको निति तथा प्रथामिकता तयार गरि अनुमोदन गरियो । उक्त निति तथा प्रथमिकता पारित सँगसँगै संकलित तथ्याकंहरुको आधारमा रही मन्त्रलयले तोकेको मापदण्ड अनुसार खानेपानी सरसफाइ तथा स्वच्छता कृयाकलापहरुको  प्राथमिकिकरण गरी यस वास योजना निर्माणमा सहयोग गर्ने सम्पूर्ण संघसंस्थाहरुलाइ धन्यवाद ज्ञापन गरियो।

### १.६.६ वास योजना तयारी तथा सार्वजनिकिकरण

संकलित तथ्यांकहरुको बिस्लेषण सहित वाश योजना लेखनका लागि नगरपालिकाले GIZ अन्तर्गत सुशासनका लागि क्षमता विकास सहयोग कार्यक्रम (CDSG) लाई अनुरोध गरियो र FCGका बिज्ञबाट सो कार्यका लागि सहयोग लिईयो |

## १.७ राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन,नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता

नगरपालिकाको वाश योजना तर्जुमा गर्ने सन्दर्भमा नेपाल सरकारले खानेपानी तथा सरसफाइको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरु जस्तै नेपालको संविधान,२०७२ को धारा ३० को मौलिक हक अन्तर्गत गरेको ब्यबस्था ,दीगो विकास लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेका प्रतिवद्धता,खानेपानी तथा सरसफाइ क्षेत्रको क्षेत्रगत विकास योजना,१५ औं पञ्चबर्षिय योजनाको आधार पत्र,स्थानीय सरकार सञ्चालन ऐन,२०७४, पूर्ण सरसफाइ मार्गदर्शन २०७३,बिद्यालय एवं स्वास्थ्य संस्थाको खानेपानी,सरसफाइ तथा स्वच्छता कार्यविधि तथा मापदण्डले मार्गदर्शन गरेका मुख्य मुख्य बिषयहरुलाई पनि यस खासस्व योजनामा प्राथमिकताका साथ समाविष्ट गरी कार्यान्वयन गर्न लागिएको छ ।

| मुख्य नीति तथा योजना | खानेपानी तथा सरसफाइ सम्बन्धी प्रावधान |
|---|---|
| दिगो विकास लक्ष्य २०१६—२०३० | • ३.९.२ असुरक्षीत खानेपानी, सरसफाइ तथा स्वच्छताले हुने मृत्युदर घटाउने<br>• ४.क. बिद्यालयमा बाल, लैगिंक तथा अपागंमैत्री सुरक्षित संरचना निर्माण गरी सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सुनिश्चित हुने<br>• ६.१. सन् २०३० सम्ममा सबैको सबैको लागि समतामूलक रूपमा सुरक्षित खानेपानी पुऱ्याउने<br>• ६.२. सन् २०३० सम्ममा सबैका लागि प्रयाप्त सरसफाइ र स्वच्छतामा समतामुलक पहुँच हासिल गर्ने र खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने |
| नेपालको संविधान, २०७२ | • नेपालको संविधान,२०७२ को धारा ३० स्वच्छ वातावरणको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ<br>• धारा ३५ स्वास्थ्य सम्बन्धी हक अन्तर्गत उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ<br>• धारा ४४ उपभोक्ताको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने कानूनी प्रावधान छ । |
| खानेपानी तथा सरसफाइ क्षेत्रगत विकास योजना (२०७३–२०८७) | • क्षेत्रगत सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट “वास” सेवाहरूलाई सबैको पहुँचमा पुऱ्याईदै सेवाको स्तरमा सुधार ल्याउने ।<br>• विद्यमान क्षेत्रगत मुद्दाहरू एवम् भविष्यमा बिकसित हुन सक्ने परिदृष्यहरूको सम्बोधन गर्ने । |

| | |
|---|---|
| | • यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम् सुसङ्गत र सामञ्जस्सीय ढङ्गले कार्यान्वयन गर्नाका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमश : क्षेत्रगत एकत्रीकरण गर्ने ।<br>• राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम् कार्यविधिहरूका तह सम्पूर्ण सरोकारवालाहरूलाई प्रभावकारी "वास"सेवा प्रवाहको कार्यक्रम निर्माण एवम् व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेरित गर्ने ।<br>• सबै नेपाली नागरिकहरूसम्म सुचारु र दिगो "वास" सेवाहरूको पहुँचको सुनिश्चितता गर्न यस क्षेत्र विकास योजनासंग तादात्म्य हुने गरी सक्षमकारी नीति, कानुनी एवम् नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृद्धि, परिष्कृत समन्वय र कार्यसम्पादन अनुगमन पद्धति लागू गर्नु । |
| १५ औं पन्चबर्षिय योजना | • खानेपानी र सरसफाइ सेवाको पर्याप्त, सुरक्षित र सर्वसुलभ रूपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु ।<br>• सबै नागरिकलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गराउनु ।<br>• जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु ।<br>• खानेपानी तथा सरसफाइको दिगो सेवा प्रवाहमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिबृद्धि गर्नु । |
| स्थानीय सरकार संचालन ऐन,२०७४ | • स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (२) झ (१) मा आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,<br>(६) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन स्थानीय सरकारले गर्ने प्रावधान छ<br>• उपदफा (२) ध.खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा<br>(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, |

| | |
|---|---|
| | योजना, कार्यान्वन र नियमन,<br>(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन स्थानीय तहले गर्ने ब्यबस्था छ ।<br>● ऐनको दफा ११ को उपदफा ४ ग.२ मा खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन गाउँपालिका तथा नगरपालिकाद्धारा गर्ने ब्यबस्था छ ।<br>● ऐनको परिच्छेद ६ को दफा २४,योजना बनाई कार्यान्वयन गर्ने : मा बुदा नं (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु प्रावधान छ ।<br>● ऐनको दफा २५को दफा (२) को उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।<br>● त्यसै गरी ऐनको दफा २६ को (घ) फोहोरमैला बिसर्जनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सकिने ब्यबस्था छ ।<br>● ऐनको परिच्छेद (९): गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्रको दफा ६२ को उपदफा (२) गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत म्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ |

| | |
|---|---|
| पूर्ण सरसफाइ मार्गदर्शन,२०७३ | ● पूर्ण सरसफाइ मार्गदर्शन,२०७३ ले सन् २०३० सम्म सबैको लागि र सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुने लक्ष्य लिएको छ । उक्त लक्ष्यलाई ३ चरणमा विभाजन गरी कार्यान्वियन हुदै आइरहेको छ ।<br>● तह १: सन् २०२२ सम्म १५ प्रतिशत गाउपालिका र १० प्रतिशत न.पा.<br>● तह २: सन् २०२७ सम्म ५० प्रतिशत गाउपालिका र ४० प्रतिशत न.पा.<br>● तह ३: सन् २०३० सम्म १०० प्रतिशत गाउपालिका र १०० प्रतिशत न.पा.<br><br>पूर्ण सरसफाइको उद्धेश्य भनेको :<br>● खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।<br>● सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने ।<br>● घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।<br>● सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणको प्रवद्र्धन समेत गर्ने ।<br>● फोहोरमैला तथा मानव मलमूत्रीय फोहोरको सम्भव भएसम्म पूनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।<br>● पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।<br>● पूर्ण सरसफाइका दुई चरण ः सफा र स्वच्छ चरण, पूर्ण सरसफाइ उन्मुख चरणमा विभाजन गरी कार्यान्वयन गर्ने र सम्पूर्ण चरणहरु पश्चात् पूर्ण सरसफाइयुक्त गाउँ,बस्ती,टोल र समुदाय घोषणा गर्ने ब्यबस्था यस मार्गदर्शनमा उल्लेख छ । |
| विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि,२०७४ | विद्यालय खानेपानी तथा सरसफाइ कार्यविधि,२०७४ को लक्ष्य:<br>● विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवद्र्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने रहेको छ<br>● कार्यविधिको उद्देश्यहरु विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचकएवम् मापदण्ड तयार गर्ने,तयार गरिएको मापदण्ड |

| | |
|---|---|
| | कार्यान्वयनका लागि विधि, प्रक्रिया र पध्दतिका विषयमा सहजीकरण गर्ने र विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने रहेको छ।<br>● यस कार्यविधिले बिद्यालय स्वमुल्याङ्कनको मापदण्ड जस्तै सबै विद्यालयहरुमा पानी, शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार तय गरी यसै मापदण्डका आधारमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका अवस्थालाई मूल्याङ्कन गरेर वर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानिएको छ। |
| स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड,२०७५ | ● ठुला स्वास्थ्य संस्थाहरु,मझौला स्वास्थ्य संस्थाहरु,साना स्वास्थ्य संस्थाहरु ,विस्तारित सेवा,घुम्ती शिविर स्वास्थ्य संस्थाको तह र स्वास्थ्य संस्थाको बर्गिकरण।<br>● वितरण गरिने पानीको गुणस्तर: पिउने पानी, हात धुने पानी र मेडिकल प्रयोजनको लागि मध्यम स्तरको पानीको प्रगोग गर्ने र विशेष परिस्थितीको लागि उच्च स्तरको पानीको प्रयोग र पिउने पानीको गुणस्तर भन्दा कम स्तरको पानीलाई सफा गर्ने, लन्ड्री र सरसफाइको लागि मात्र प्रयोग गर्ने।<br>● स्वास्थ्य संस्थाहरुका लागि सरसफाइको मापदण्ड<br>● कम्पाउन्डमा, अन्तरंग विभाग (आईपिडी),ओपिडी (प्रत्येक विभाग/ब्लक),प्रतिक्षा गर्ने स्थान, परामर्श कक्ष, लन्ड्री कोठा, युएसजी कोठा, शल्यक्रिया कोठा, प्याथोलोजि ब्लक, प्रसूति कोठा/ उत्तर प्रसूति कक्ष, प्रसूति कक्ष, लास घर, प्रयोगशाला, लन्ड्री सेवा, प्रत्येक विभागमा व्बलष्तयच’क ऋयिकभत, सबै सेवादिने स्थानमा हात धुने बेसिनमा सेवाग्राही एवं कर्मचारीको लागि मुत्रालय र शौचालयको मापदण्डको साथै हात धुने बेसिनको संख्या तोकिएको।<br>● स्वास्थ्य संस्थाको लागि स्वच्छता मापदण्ड जस्तै शौचालय/नुहाउने सुविधा,हातको सरसफाइ,लन्ड्री सरसफाइ,व्यक्तिगत सरसफाइ तथा व्यक्तिगत सुरक्षा सामग्री |

| | |
|---|---|
| | (सेवा प्रदायक),महिनावारी भएको अवस्थाको सरसफाइ व्यवस्थापन,खानेकुराको स्वच्छता (अवलोकन गर्ने),लासघरको सरसफाइ (लासघरको सुविधा भएको अस्पतालमा मात्र लागू हुने),सूचना प्रवाह र स्वच्छता प्रवद्र्धन,कीट तथा मुसाको नियन्त्रण,क्षमता अभिवृद्धि र वातावरणीय स्वच्छता/ सरसफाइ तोकिएको।<br>● स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनका लागि निश्चित मापदण्ड तोकिएको |

# अध्याय २. नगरपालिकाको बस्तुगत विवरण

## २.१. भौगोलिक अवस्थिति र बनोट

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका भौगोलिक हिसाबले २८° २१' २५.१६" देखि २८° २९' ४३" उत्तरी आक्षांश र ८१° ३' २५.६३" देखि ८१° १२' ५२" सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित राजापुर नगरपालिका ऐतिहासिक तथा धार्मिक महत्व बोकेको एउटा प्रमुख कृषि क्षेत्र हो । १२७.०८ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गेरुवा गाउँपालिका र कैलाली जिल्ला, पश्चिमतिर कैलाली जिल्ला, दक्षिणमा भारत र पूर्वमा मधुवन नगरपालिका रहेका छन् । राजापुर नगरपालिकालाई २०७१ पौष २५ गते साविकको दौलतपुर, नयाँगाउँ, राजापुर, बदलापुर, भिम्मापुर र मानपुर टपरा गा.वि.स. समावेश गरी १९ वडा सहितको राजापुर नगरपालिका घोषणा गरीएको थियो भने मिति २०७३ फागुन २२ गते साविकको राजापुर न.पा. र खैरिचन्दनपुर गा.वि.स. समावेश गरि जम्मा १० वडा कायम गरेको छ ।

### २.१.१ भौतिक अवस्थिति




क्षेत्रफल : १२७.०८ वर्ग कि.मी.

अक्षांश : २८° २१' २५.१६" देखि २८° २९' ४३" उत्तरी

देशान्तर : ८१° ३' २५.६३" देखि ८१° १२' ५२" पूर्वी

उचाई : समुन्द्र सतहबाट १४२ मिटर देखि १४५ मिटर सम्म

हावापानी : उष्ण तथा उपोष्ण

तापक्रम : न्यूनतम ७°C देखि अधिक्तम ४१°C सम्म

वर्षा : ८०० मिलिलिटर

प्रमुख नदी : कर्णाली नदी, बुढी कुलो

पर्यटकिय स्थान : नेपालको सबै भन्दा लामो मोटरेबल कोठीयाघाट पुल, अर्नह्वा ताल, थारु होमस्टे, थारु संग्राहालय, कर्णाली नदिमा डलफिन अवलोकन आदी, थारु संकृतीहरु तथा विभिन्न किसिमका थारु नाचहरु ।

मुख्यजात जाति: थारु ,ब्राह्मण क्षेत्री , दलित, ठकुरी, मधेशी, मुस्लीम आदी

धर्म : हिन्दु, बौद्ध, क्रिश्चियन, इस्लाम आदि ।

जमिन : समथर

राष्ट्रिय तथ्याङ्क विभाग कोड :

*तालिका 2*

| कायम गएिका वडाहरु | समावेश भएका साविकका गा.वि.स.र न.पा. हरु | साविकको वडा नं. |
|---|---|---|
| १ | राजापुर न.पा. | १,२ |
| २ | राजापुर न.पा. | ३,४ |
| ३ | राजापुर न.पा. | ५,६,१० |
| ४ | राजापुर न.पा. | ११,१२ |
| ५ | राजापुर न.पा. | ७-९ |
| ६ | राजापुर न.पा. | १६,१७ |
| ७ | राजापुर न.पा. | १३ |
| ८ | राजापुर न.पा. | १४,१५ |
| ९ | राजापुर न.पा. | १८,१९ |
| १० | खैरीचन्दनपुर गा.वि.स. | १-९ |

### २.१.२ ऐतिहासिक चिनारी तथा नामाकरण

यस नगरपालिकाको नाम राजापुर रहनुको कारण विभिन्न जनविश्वास र ऐतिहासिक पृष्ठभुमि रहेका छन् । कहिले गोलामण्डी, कहिले राजापुर नाम भएको यस ठाउँमा राजाराम कुर्मीको नामबाट राजापुर भएको हो भन्ने कथन रहेको छ भने अर्को कथन अनुसार यस ठाउँमा पहिला ठकुरी जातिका राजारजौटाहरुले बसोबास गर्थे पछि राजा राजा हुंदै राजापुर भएको हो भन्ने विश्वास पाइन्छ ।

### २.१.३ राजनीतिक अवस्थिति

प्रदेश :लुम्बिनी

जिल्ला :बर्दिया

निर्वाचन क्षेत्र : संघीय निर्वाचन क्षेत्र नं. २, बर्दिया

प्रदेशसभा निर्वाचन क्षेत्र नं .२ (ख)बर्दिया

### २.१.४ धरातलीय अवस्था

पूर्व: मधुवन नगरपालिका

पश्चिम: कैलाली जिल्ला

उत्तर: गेरुवा गाउँपालिका र कैलाली जिल्ला

दक्षिण: भारत

### २.१.५ प्राकृतिक सम्पदा

**नदीनाला तथा तालतलैया**

नगरपालिका कर्णाली नदीको प्राकृतिक बहाबले निर्माण गरेको टापु भएकाले नेपालको सबै भन्दा लामो नदी कर्णाली नदि नै यस नगरपालिकाको प्रमुख नदी हो, यस नगरपालिका भित्र नेपालको सबै भन्दा लामो मोटरेवल कोठीयाघाट पुल लगाएत केहि ठुला नहरहरु, अर्नह्वा ताल, सामुदायीक बनहरु, सिचाइ आयोजनाहरु तथा कुलोहरु यस नगरपालिका भित्र पर्दछन । समग्रमा हेर्दा राजापुर नगरपालिका प्राकृतिक स्रोत सम्पादामा निकै नै धनी रहेको छ ।

### २.१.६ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । सबै स्थानीय स्तरमा तापक्रम मापन नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधार मानि राजापुर नगरपालिकाको तापक्रम अनुमान गरिएको छ । गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ ।

### २.१.७ पर्यटकीय, सास्कृतिक र मनोरम स्थलहरू र सांस्कृतिक उत्कृष्टता

- नेपालको सबै भन्दा लामो कोठीयाघाट पुल ।
- नेपालको सबै भन्दा लामो कर्णाली नदी जसमा डलफिन, गोहीहरु पाइने भएकोले पर्यटकीय दृष्टीकोणले महत्वपुर्ण रहेको छ ।
- थारु जातिको पहिचान जगेर्ना गर्न विभिन्न समुदायहरुमा थारु आवास गृहहरु संचालनमा आएका छन ।
- अर्नह्ववा ताल, थारु संस्कृतिक संग्राहलय आदी पर्यटकिय स्थलहरु रहेका छन ।

## २.२ पहुँच

यो नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट ४५ पश्चिममा अवथिस्त छ र पूर्व पश्चिम हुलाकी राजमार्ग यस नगरपालिका बीच हुँदै गएको छ । पश्चिममा कैलालि जिल्लाको टिकापुर नगरपालिका बाट पनि करिब २० किलोमिटरको दुरीमा यो नगरपालिका अबस्थित रहेको छ । पूर्व पश्चिम हुलाकी राजमार्गमा कैलाली जिल्लाको सिमाना कर्णाली नदी कट्ने बित्तिकै यो नगरपालिका आउँदछ ।

## २.३ भू–उपयोग तथा वातावरण

यस नगरपालिकाको भु- उपयोगलाई हेर्दा नगरको कुल क्षेत्रफल १२७.०८ बर्ग कि मि मध्य १०३ वर्ग कि मि अर्थात ८१% खेतिको लागि योग्य जमिनको रुपमा रहेको छ । त्यसै गरि ४% अर्थात ५ वर्ग कि

मि जल क्षेत्रले ओगटेको पाइन्छ । साथै बालुवाले ३.०७% अर्थात ४ वर्ग कि मि, ७.६६% अर्थात १० बर्ग कि मि आवास क्षेत्र र बुट्यान क्षेत्रले ५% अर्थात ७ वर्ग कि मि जग्गा ओगटेको पाइन्छ ।

यस नगरपालिकको माटोको बनावट अतिनै खेती योग्य भएकाले यहाँका मानिसहरुको मुख्य आम्दानीको स्रोत नै खेती किसानी हो । त्यसैले खेती योग्य जमिनलाई पूर्ण रुपमा प्रयोग गरि नगरबासीहरुको आर्थिक रुपले बृद्धि गर्न र वातावर अनुकुल खेती गरि सू- सम्पन्न समाज निर्माण गर्न सकिन्छ ।

वातावरणीय हिसाबले यस नगरपालिका अत्यन्तै मनमोहक रहेको छ र हरियाली बोट बिरुवाहरुको कारण वातावरणमा सधैनै अनुकुल महसुस गर्न सकिन्छ साथै यस नगरको वातावरणीय हिसाबमा मैसम उष्ण र उपोष्ण रहेको छ र बर्षा पनि प्रयाप्त मात्रामा हुने भएकोले न्यनतम ५०० मिलिलिटर देखि ८०० मिलिलिटर सम्मको पानिको मुल्याङ्कन गरिएको छ ।

## २.४ जात जाति र जनसाङ्ख्यिक विवरण

*तालिका 3: पारिवारिक तथा जनसंख्या विवरण*

| वडा नं. | ब्राह्मण क्षेत्री | जनजाति | दलित | मधेसी | मुश्लिम | लोपोन्मुख | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २५० | ९७७ | १२ | २ | | ३० | | १२७१ |
| २ | ४० | १२०३ | ३१ | ३ | | १ | १६ | १२९४ |
| ३ | ९५ | १११८ | १६ | ४ | | | | १२३३ |
| ४ | १८८ | १३१८ | ६३ | ४२ | ९१ | १ | ४८ | १७५१ |
| ५ | १५० | १२१० | ७१ | ६ | १ | १ | २ | १४४१ |
| ६ | १५७ | १०३८ | ३८ | २ | | | ७ | १२४२ |
| ७ | ८७ | ६०० | ८५ | ३१ | २ | | १७ | ८२२ |
| ८ | १९४ | ७८९ | १०० | | | | | १०८३ |
| ९ | १६७ | ८९८ | २६ | २ | १ | | ४ | १०९८ |
| १० | १७९ | १०७५ | १६४ | १० | १ | | ४३ | १४७२ |
| **जम्मा** | **१५०७** | **१०२२६** | **६०६** | **१०२** | **९६** | **३३** | **१३७** | **१२७०७** |

राजापुर नगरपालिका भित्र सबै जातजातिहरुको मिस्रित बसोबास रहेको छ | सबैभन्दा बढी जनजातीहरु बिशेष गरि थारु समुदायको बाहुल्यता छ | जनजातीहरुको १०२२६ परिवार रहेको छ भने दोस्रो मा ब्राम्हण/क्षेत्री समुदाय रहेको छ जसको परिवार संख्या १५०७ रहेको छ | दलितहरु पनि सबै वडाहरुमा छरिएर रहेका छन् | दलितहरुको पनि ६०६ परिवार विभिन्न वडामा रहेका छन् | दलितहरुको सबैभन्दा बढी परिवार वडा न. १० र ८ मा रहेको छ भने सबैभन्दा कम वडा नं १ मा रहेको छ | नगरपालिका भरमा जम्मा घरधुरी/परिवार संख्या १२७०७ रहेको छ |

*तालिका 4 वडागत महिला तथा पुरुषको जनसंख्या*

| वडा नं. | पुरुष सदस्य संख्या | महिला सदस्य संख्या | लैंगिक अल्पसंख्यक संख्या |
|---|---|---|---|
| १ | ३५७१ | ३४४८ | |

| | | | |
|---|---|---|---|
| २ | ३५८० | ३४७७ | |
| ३ | ३४०८ | ३३९१ | |
| ४ | ४२१३ | ४०९० | |
| ५ | ४०११ | ३८५४ | १ |
| ६ | ३४११ | ३३५६ | |
| ७ | २४१४ | २४२८ | १ |
| ८ | ३२१२ | ३२५५ | १ |
| ९ | ३१५९ | ३०६८ | |
| १० | ४३३३ | ४१९४ | |
| **जम्मा** | **३५३१२** | **३४५६१** | **३** |

नगरपालिकाको कुल जनसंख्या ६९,८७६ रहेको छ | घरधुरी/परिवार संख्या १२७०७ रहेको छ | यसरि हेर्दा १ परिवारमा करिब ५.५ जना रहेको देखिन्छ | नगरपालिकामा पुरुषको जनसख्या महिलाको जनसंख्या भन्दा थोरै बढी देखिन्छ | जम्मा पुरुषको जनसंख्या ३५३१२ छ भने महिलाको जनसंख्या ३४५६१ रहेको छ | सिमित संख्यामा लैंगिक अल्पसंख्यक ३ जना यस नगरभित्र रहेको पाइयो |




वडागत रुपमा हेर्दा सबै भन्दा बढी जनसंख्या वडा नं.१० मा देखिन्छ भने सबै भन्दा कम वडा न.१ मा रहेको छ | बढी जनघनत्व भएको वडा हरु ४,९,३, ५,८ हुन् | सबैभन्दा कम ७ न.वडा पछि वडा न. ९ मा पनि कम जनसंख्या रहेको देखिन्छ |

## २.५ जनसंख्याको गतिशिलता

नगरपालिकामा बसोबास गर्नेमात्र नभएर नगरमा अन्य स्थानका मानिसहरु पनि बस्ने गर्दछन् । खानेपानी अथवा यस्तै अन्य सेवा सुबिधाहरुको उनीहरुलाई पनि आबस्यकता पर्दछ । डेरामा बस्ने बाहिरका मानिसहरुको विचार नगर्दा हामीले बनाउने संरचना तथा योजनाहरु अपुग हुने तथा ब्यबस्थित गर्न कठिन हुने हुन सक्दछ । राजापुर नगर भित्र पनि १% अर्थात् ७५ घरधुरीमा घर परिवार बाहेक बाहिरको मान्छे पनि बस्ने गरेको पाइयो । त्यसैगरी ६% घरधुरीको अर्थात् ७९० घरपरिवारको नगर भित्र अर्को घर पनि भएको पाइयो ।







## २.६ सार्बजनिक तथा संस्थागत शौचालय




राजापुर नगरपालिका भित्र ४० वटा शैक्षिक संस्था रहेका छन् भने ११ वटा स्वास्थ्य संस्था यसैगरी ३९ वटा सार्बजनिक स्थलमा सौचालयहरु रहेका छन्|

नगरभित्र रहेका ४० बिद्यालयहरु मध्ये २ वटा बाल शिक्षा, २८ वटा आधारभूत तहको रहेका छन्। मा.वि.तहको ९ वटा बिद्यालय र १ वटा क्याम्पस नगर भित्र रहेका छन्|

| शैक्षिक संस्थाको प्रकार | संख्या |
|---|---|
| **बाल शिक्षा** | २ |
| **आधारभूत** | २८ |

| | |
|---|---|
| **मा.वि.** | ९ |
| **क्याम्पस/विश्वविद्यालय** | १ |
| जम्मा | **४०** |

## २.७ वास क्षेत्रमा कार्यरत बिकास साझेदारहरु

- GSF/UNHABITAT अन्तर्गत IDS नेपाल
- TDH/Geruwa
- KMJS
- Suahara

# अध्याय ३: खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

## ३.१ खानेपानीको प्राथमिक श्रोत

यस भागमा प्रस्तुत गरिएको सबै तथ्याङ्कहरु २०७७ मा यस नगर पालिकाको वडा नं. १ देखि १० सम्मका सबै घरधुरीहरुमा गरिएको सर्वेक्षणबाट संकलन गरिएका प्राथमिक तथ्याङ्कहरु हुन । खानेपानीको हाल प्रयोग गरिरहेको श्रोतको रुपमा यस क्षेत्रमा सबै घरधुरीले स्यालो ट्यूबवेल प्रयोग गरिरहेको छन्।




## ३.२ पानी भर्न लाग्ने समयको आधारमा पानीमा पहुँच

एक पटक पानी ल्याउन लाग्ने (जाने–पर्खने–भर्ने–फर्कने) समयको आधारमा पानीमा पहुँचको अवस्था यहाँ प्रस्तुत गरिएको छ। यो एकपटक पानी भर्नको लागि लाग्ने समय मात्र हो, वास्तविकतामा एकपटक मात्र पानी भरेर पुग्दैन ।

तराइमा घर भित्र वा घर नजिक ट्यूबवेल हुने भएकाले यस पालिकाको समग्र अवस्था नेपालका अन्य गाउँपालिका तथा नगरपालिकाको तुलनामा राम्रो छ, तर अझै पनि केहि घरधुरीहरुले दैनिक रुपमा पानी ल्याउनको लागि कठिनता झेलीरहेका छन्।

| **पानी भर्न लाग्ने समय** | |
|---|---|
| १५ मिनेट भन्दा बढी ३० मिनेट सम्म | १० |

| | |
|---|---|
| ५ भन्दा बढी १५ मिनेट सम्म | १५९ |
| ५ मिनेट वा कम | १२५२६ |
| योजनाको निजि धारा | १२ |
| **जम्मा** | **१२७०७** |

## ३.३ पानीको उपलब्धता

पानी सधै उपलब्ध हुन सक्छ भन्ने छैन। वर्षातको समयमा धेरै मूल फुट्ने, जमिनको पानीको स्तर पनि माथिनै हुने तर सुख्खा समयमा मूलहरु सुक्ने, जमिनको पानीको स्तर तल झर्ने भएकाले बर्षभरी नै तेस्ता स्रोत बाट पानी उपलब्ध नहुन सक्छन। राजापुर नगरपालिकाका जम्मा १२७०७ घरधुरी मध्ये ११८२४ (९३%) मा मात्र वर्ष भरी पुग्ने मात्रामा पानी उपलब्ध हुने देखिएको छ। ५०१ घरधुरीहरुलाइ १२ महिना भन्दा कम र ११ महिना भन्दा बढी उपलब्ध हुने देखिएको छ। २०६ घरधुरीहरुलाइ ११ महिना भन्दा कम र १० मिहना भन्दा बढी समयका लागि मात्र पानी उपलब्ध हुने रहेको छ। १७६ घरधुरीहरुलाई १० महिना भन्दा कम समयका लागि मात्र प्राथमिक स्रोत बाट पानी उपलब्ध हुने रहेछ ( हेर्नुहोस, चित्रः ..... )




| पानीको पर्याप्तता | घरधुरी |
|---|---|
| पानीको प्रयाप्तता (सबै घरायसी प्रयोगको लागि पुग्छ ) | 12592 |
| पिउन र खाना पकाउन मात्र पुग्छ | 72 |
| पिउन मात्र पुग्छ | 43 |
| **जम्मा** | **12707** |

## ३.४ मौजुदा तथा निर्माणाधीन खानेपानी प्रणाली/योजनाहरु

राजापुर नगरपालिका भित्र रहेको एक मात्र खानेपानी प्रणाली/योजना "**राजापुर खानेपानी आयोजना**" समेत अहिले संचालनमा रहेको छैन | खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय, बर्दियाबाट प्राप्त विवरण अनुसार ६ वटा खानेपानी योजनाहरु सुरुवात/निर्माणाधीन अबस्थामा रहेको छ | तालिकामा हेर्दा निर्माण सम्पन्न

तथा निर्माणाधीन खानेपानी योजनाहरुले ३६६५  घरधुरीहरुलाई मात्र ब्यबस्थित खानेपानी उपलब्ध गराउने देखिन्छ | यो करिब नगरपालिकाको घरधुरिहरुको २८.८४  मात्र हो |

**निर्माणाधीन खानेपानी योजनाहरु**

| कार्यक्रम | खानेपानी योजनाको नाम | आ.व. ०७७/७८ मा विनियोजित बजेट | लाभान्वित वडाहरु | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| **सघन खानेपानी विकास कार्यक्रम** | बालाबजार खा.पा.यो | ४५,००,०००।०० | २ | ५९३ |
| | टपरा खा.पा. व्यवस्थापन | १,००,०००।०० | ६ | |
| | संघर्षनगर खा.पा.आ. | ७५,००,०००।०० | ४ | ९३१ |
| | टपरा खा.पा.आ. | ६९,००,०००।०० | ६ | १२३४ |
| **उच्च प्रविधियुक्त केन्द्रिय र तराई-मधेश खानेपानी सुधार कार्यक्रम** | राजापुर खा.पा.आ.सु.बि. | १०,००,०००।०० | ४ | ७५२ |
| | धुन्धीपुर खा पा आ | | १० | १५५ |
| **जम्मा** | | | | ३६६५ |

## ३.५ खानेपानीको समितिहरुको दर्ता अवस्था

निर्माण सम्पन्न र निर्माणाधीन गरेर नगरपालिका भित्र ६ वटा खानेपानी योजनाहरु रहेको देखिन्छ | यसमध्ये १ वटा समिति मात्र दर्ता भई नबिकरण भएको देखिन्छ भने १ वटा समिति दर्ता प्रकृयामा रहेको र बाँकी ४ वटा खानेपानी योजना दर्ता प्रकृयामा पनी नआएको देखिएको छ।

| समितिको अवस्था | योजना संख्या |
|---|---|
| समिति दर्ता छ तर नविकरण छैन | ० |
| समिति दर्ता छैन | ४ |
| समिति दर्ता तथा नविकरण गरिएको छ | १ |
| समिति दर्ता प्रक्रियामा छ | १ |
| जम्मा | ६ |

## ३.६ खानेपानीको गुणस्तर

हामीले खाने गरेको पानी तीन वटा कारणवाट प्रदुषित हुने गर्दछ। ती कारण हुन रासायनिक, भौतिक र जैविक। तराई क्षेत्रमा प्राय रासायनिक र जैविक दुई वटा प्रदुषणको जोखिमको सम्भावना रहने गर्दछ। पानीको गुणस्तर पानी आपूर्तिको सेवास्तर मापन गर्ने एउटा प्रमुख सूचक हो। यस अवस्थामा पानीको परीक्षण गर्दा पानीमा 'कोलिफर्म(Coliform) ब्याक्टेरिया र आर्सेनिक उपस्थित छ/छैन–भनेर परीक्षण गरिन्छ, जसले सजिलै पानी 'कोलिफर्म' जीवाणुहरुबाट र आर्सेनिक मुक्त छ कि छैन भनेर देखाउछ। जैविक प्रदुषण भएमा यसको असर तत्काल देखिने हुन्छ भने आर्सेनिक जस्तो रासायनिक प्रदुषणले लामो समय पछि असर देखाउने हुन्छ | अन्य रासायनिक प्रदुषण भएको पानीमा रंग, गन्ध, स्वादमा केहि फरक पर्न सक्ने भए पनि आर्सेनिक पुरै रंग बिहिन, स्वाद बिहिन आँखाले नदेखिने हुन्छ र असर पनि धेरै पछि देखाउने भएकाले मन्द बिष जस्तै खतरनाक हुन्छ | यस

पालिकामा प्रयोग हुने अधिकांश पानीका श्रोतहरु जमिन मुनिको पानी/ट्यूबेवेल भएकाले रासायनिक परिक्षण भएको नभएको जानकारीहरु तलको तालिकामा प्रस्तुत गरिएको छ :

| **के खानेपानी आर्सेनिक मुक्त छ ?** | **घरधुरी** |
|---|---|
| **आर्सेनिक मुक्त** (<=५० PPB ) | ३०२६ |
| **आर्सेनिक युक्त** (>५० PPB ) | ३८८ |
| **आवश्यक छैन (खास गरि बोरिङ्ग वा ट्युब वेल नभएमा)** | ८ |
| **जाँच नगरिएको** | ९२८५ |
| **जम्मा** | **१२७०७** |

माथिको तालिका अनुसार अझै पनि ३८८ (करिब ३%) घरधुरीहरुले नेपालको मापदण्ड (५० ppb) भन्दा बढी आर्सेनिक भएको पानी खाइरहेको छन् भने अझै पनि ९२८५(करिब ७३%) घरधुरीहरुको पानीमा आर्सेनिक भएको/नभएको या जांच गरिएको छैन या घरपरिवारहरुलाई थाहा छैन | तत्काल यी घरधुरीहरुको आर्सेनिक जाँच गर्नुपर्ने देखिन्छ |

सर्वेक्षणको क्रममा खानेपानी शुद्धीकरण गरेर उपभोग गर्ने अभ्यासको अध्ययन गर्दा यस क्षेत्रका करिव २१ प्रतिशत घर परिवारले शुद्धीकरणका कुनै न कुनै उपाय (फिल्टर गर्ने, उमाल्ने, सोडीस गर्ने, क्लोरिन प्रयोग) गर्ने गरेको पाइएको छ । पानीको गुणस्तरियता एक महत्वपूर्ण विषय हो । यो विषय  पूर्ण सरसफाई तथा स्वच्छता र पानी सुरक्षा योजना जस्ता विभिन्न  अभिमुखिकरण तथा  अन्तरक्रिया कार्यक्रम, वैठक र अभियानहरुमा विषयवस्तु समावेश गरी सम्बोधन गर्न सकिन्छ ।



## ३.७ घरायसी खानेपानीको सुबिधास्तर




सबै घरधुरीहरुले ट्यूबवेलबाट खानेपानी खाने र ट्युबेलहरु घर बाट नजिक हुने भएकाले नगरपालिका भित्रका सबै घरधुरीहरुले आधारभूत तहको खानेपानी खाइरहेको पाइयो |

## ३.८ शैक्षिक संस्था/बिद्यालयमा खानेपानीको अवस्था




शैक्षिक संस्थाहरुमा ह्यान्डपम्प /ट्युबेल नै खानेपानीको मुख्य स्रोतमा रहेको देखिन्छ | सबै २ वटै बाल शिक्षा, २८ वटा आधारभूत बिद्यालय, ९ वटा मा.वि.तथा १ क्याम्पसमा खानेपानीको स्रोत ह्यान्डपम्प नै रहेको छ । बाल शिक्षामा अध्ययन गरिरहेका स-साना बालबालिकाहरुले ह्यान्डपम्प चलाएर पानी खानुपर्ने अवस्थामा छिट्टै सुधार ल्याउनुपर्ने छ |

३.९ स्वास्थ्य संस्थामा खानेपानीको सुबिधास्तर




नगरपालिकाभित्र ११ वटा स्वास्थ्य संस्था रहेकोमा ९ वटामा स्वास्थ्य संस्थामा चाहिने आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध रहेको छ भने २ वटामा सिमित सुबिधा छ |

## सरसफाइ तथा स्वच्छताको अवस्था

## घरायसी चर्पीको प्रकार

वडा नं. १ देखि १० सम्म जम्मा १२,७०७ घरमा गरिएको सर्वेक्षण अनुसार घरायसी सौचालयको किसिम तथा सुविधास्तरको अवस्थालाई निम्न अनुसार तालिका र चार्टमा प्रस्तुत गरिएको छ। जस अनुसार अझै पनि १९०८ (१५%) घरमा चर्पी नै नहुनुलाई पूर्ण सरसफाइ प्रवद्र्धनको लागि ठूलो चुनौतिको रुपमा लिन सकिन्छ। यो समस्याको समाधानलाई वडा स्तरीय वास समन्वय समिती तथा कार्य दलको प्राथमिकताको विषय हुन आवश्यक देखिन्छ | तालिका अनुसार सबैभन्दा बढी २६% घरहरुमा अझै पनि कच्ची चर्पी रहेको छ भने ४% ले अझै साझेदारीमा चर्पी प्रयोग गरिरहेकाछन् , ८%ले चर्पी सम्पन्न गरेका छैनन् | यी सबैलाई जोडेर हेर्दा अझै पनि ६७६३ (५३.२%) घरधुरी केन्द्रित भएर सरसफाइ गुरुयोजनाले तोके अनुसारको चर्पी निर्माण गर्न खुला दिसामुक्त अभियानको बेलामा जस्तै अभियान नै संचालन गर्नुपर्ने देखिन्छ |

| चर्पीको प्रकार | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| गोवर ग्याँस जडित शौचालय | २२९५ | १८% |
| पक्कि (दुइ खाल्डे) | २७८ | २% |
| आफ्नै एक खाल्डे ढल जोडिएको पक्कि चर्पी | ६१० | ५% |
| आफ्नै एक खाल्डे पक्कि चर्पी | २२८४ | १८% |
| आफ्नै सेप्टीक टंकी जोडिएको पक्कि चर्पी | ४७७ | ४% |
| पक्कि चर्पी (साझेदारी) | ५४० | ४% |
| जमिन सम्म पक्कि तर बाहिरी संरचना नभएको | १०५६ | ८% |
| कच्ची चर्पी | ३२५९ | २६% |
| चर्पी नभएको | १९०८ | १५% |
| **जम्मा** | **१२७०७** | १००% |



## वडागत रुपमा चर्पीको प्रकार :

| चर्पीको प्रकार | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| गोवर ग्याँस जडित शौचालय | २९४ | २२४ | १७८ | १२८ | ३३२ | ३२० | १०३ | १८७ | ११५ | ४१४ | २२९५ |
| पक्कि (दुइ खाल्डे) | १८ | | | ५ | २४२ | १ | ५ | ५ | १ | १ | २७८ |
| एक खाल्डे ढल जोडिएको पक्कि | ३१० | ८२ | २ | ५३ | ३५ | ४ | ८५ | २३ | १३ | ३ | ६१० |
| एक खाल्डे पक्कि | १३२ | १३४ | ६४३ | २२९ | २२२ | ५१ | ११८ | २१६ | ४६८ | ७१ | २२८४ |
| सेप्टीक टंकी जोडिएको पक्कि | २९ | २० | ७८ | १८३ | ६२ | ३१ | २७ | १५ | २२ | १० | ४७७ |
| पक्कि चर्पी (साझेदारी) | ३० | ३४ | ४० | ७४ | १०० | ३७ | | २७ | १४३ | ५५ | ५४० |
| जमिन सम्म पक्कि तर बाहिरी संरचना नभएको | ३६ | १२ | २ | ७५५ | ८३ | ५ | १४७ | १ | ११ | ४ | १०५६ |
| कच्ची चर्पी | १७० | ६३७ | १३५ | १०३ | १९७ | ५५७ | १५६ | ३३६ | २५७ | ७११ | ३२५९ |
| चर्पी नभएको | २५२ | १५१ | १५५ | २२१ | १६८ | २३६ | १८१ | २७३ | ६८ | २०३ | १९०८ |
| **कुल जम्मा** | १२७१ | १२९४ | १२३३ | १७५१ | १४४१ | १२४२ | ८२२ | १०८३ | १०९८ | १४७२ | १२७०७ |

## घरायसी सौचालयको सुविधास्तर




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सुविधा विहिन | 252 | 151 | 155 | 221 | 168 | 236 | 181 | 273 | 68 | 203 |
| असुरक्षित सुविधा | 170 | 637 | 135 | 103 | 197 | 557 | 156 | 336 | 257 | 711 |
| सिमित सुविधा | 66 | 46 | 42 | 829 | 183 | 42 | 147 | 28 | 154 | 59 |
| आधारभूत सुविधा | 471 | 236 | 723 | 465 | 319 | 86 | 230 | 254 | 503 | 84 |
| सुरक्षित सुविधा | 312 | 224 | 178 | 133 | 574 | 321 | 108 | 192 | 116 | 415 |

२५७३ (२०%) ले सुरक्षित सुबिधा, ३३७१ (२७%) ले आधारभूत सुबिधा, १५९६ (१३%) ले सिमित सुबिधा, ३२५९ (२६ \%) ले असुरक्षित सुबिधा, १९०८ (१५%) सुबिधा बिहिन रहेका छन् |

**चर्पीको प्रयोग :**




चर्पी भएका १०७९९ घरधुरी मध्ये १०६०० घरधुरीका सबै सदस्यहरुले चर्पी प्रयोग गरिरहनुभएको उल्लेख गर्नुभयो भने १९९ घरधुरीहरुले चर्पी भएपनि केहि सदस्यहरु अझै पनि बाहिर दिसा-पिसाब गर्न जाने गरेको कुरा उल्लेख गर्नु भयो | चर्पीको प्रयोग नगर्नेमा बिशेष गरेर ५ वर्ष मुनिका बच्चाहरु र बृद्ध र असक्तहरुले प्रयोग नगरेको कुरा पाइयो |

| चर्पी प्रयोग नगर्ने समुह | घरधुरी संख्या |
|---|---|
| ५ बर्ष सम्मका बच्चाहरुले प्रयोग गर्नुहुन्न | १८२ |
| महिनावारीको बेला प्रयोग गर्नुहुन्न | १ |
| वृद्ध र असक्तहरुले प्रयोग गर्नुहुन्न | १५ |
| वृद्ध र असक्तहरुले प्रयोग गर्नुहुन्न, ५ बर्ष सम्मका बच्चाहरुले प्रयोग गर्नुहुन्न, महिनावारीको बेला प्रयोग गर्नुहुन्न | १ |
| **जम्मा** | **१९९** |

# पूर्णसरसफाइको अवस्था

नगरपालिका भित्रका १२७०७ घरधुरीहरु मध्ये ४६३ घरधुरी (४%) हरुमा पूर्णसरसफाइका सबै सूचकहरु पुरा भएको पाइयो भने १२२४४ (९६%) घरधुरीहरुमा पूर्णसरसफाइको बिभिन्न सूचकहरु पुरा भएको पाइए पनि सबै सूचकहरु पुरा भएको पाइएन |







| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्णसरसफाइको सूचक पुरा नभएको | 1178 | 1238 | 1226 | 1727 | 1372 | 1237 | 744 | 1057 | 1096 | 1369 |
| पूर्णसरसफाइका सबै सूचक पुरा भएको | 93 | 56 | 7 | 24 | 69 | 5 | 78 | 26 | 2 | 103 |

**शैक्षिक संस्थामा सरसफाइको सुबिधा**

नगरपालिका भित्र कुल जम्मा ४० वटा शैक्षिक संस्थाहरु रहेका छन् | यस मध्ये  २ वटा बाल शिक्षा, २८ वटा आधारभूत बिद्यालय, ९ वटा मा.बि. र १ वटा क्याम्पस रहेको छ | २ वटा बाल शिक्षामा आधारभूत तहको सरसफाइको सुबिधस्तर रहेको छ। २८ वटा आधारभूत बिद्यालयमा सुधारीएको चर्पीको सुविधा रहेको छ र बाँकी रहेको ९ वटा मा.वि. का साथै १ वटा क्याम्पसमा समेत सुधारीएको चर्पीको सुविधा रहेको छ।




**फोहरमैलाको ब्यबस्थापन**

नगरपालिका भित्रका करिब ५३% (६७२५घरधुरीहरु) ले फोहर संकलन गरेर ब्यबस्थापन गर्ने गरेका छैनन् | बाँकि घरधुरीहरुले संकलन र ब्यबस्थापन गर्ने गरेका छन् | सर्वेक्षणमा २३ घरधुरीहरुले फोहरलाई कुहिने, नकुहिने र पुन: प्रयोग हुने भनेर ३ प्रकारमा फोहरलाई  बर्गिकरण गरेर संकलन गर्ने र ब्यबस्थापन गर्ने गरेको पाइयो | त्यसैगरी ३१% (३९२६ घरधुरी) ले कुहिने र नकुहिने भनेर २ प्रकारमा बर्गिकरण गरेर संकलन तथा ब्यबस्थापन गर्ने गरेको पाइयो |

करिब १६% (२०३३ घरधुरी) ले फोहरलाई बर्गिकरण नगरी एकै स्थानमा संकलन गर्ने गरेको पाइयो |




शैक्षिक संस्थामा फोहर संकलनको व्यवस्था
5, 9%
40, 69%
13, 22%
२ प्रकारमा बर्गिकरण गरि फोहर संकलन गर्ने व्यवस्था (कुहिने र नकुहिने)
बर्गिकरण नगरी संकलन गर्ने व्यवस्था
संकलन गर्ने ब्यबस्था नभएको


स्वास्थ्य संस्थामा फोहरको ब्यबस्थापन
2, 20%
3, 30%
3, 30%
1, 10%
1, 10%
खुला जलाउने
फोहोर प्रसोधन नगरि अन्य फाेहर सँग मिसाइने गरिएको
फोहोर प्रसोधन नगरि खाल्डाेमा गाड्ने गरिएको
फोहोर प्रसोधन नगरी खुला जलाउने
सामान्य इन्सिनरेटरमा जलाउने

# अध्याय ४ : खानेपानी, सरसफाइ तथा स्वच्छता योजना

## ४.१ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको सोच, लक्ष्य तथा अपेक्षित उपलब्धिहरु

**दूरदृष्टि (सोच)** यस नगरपालिकामा बसोबास गर्ने सबैका लागि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्विकार्य र किफायति खानेपानी तथा सरसफाईका सेवाहरु मार्फत जनस्वास्थ्य र जिवनस्तरमा सुधार ल्याउने |

**लक्ष्य:** प्रदेश सरकारले पास गरेको संकल्प प्रस्तावको मर्म अनुरुप सन् २०२२ सम्म सबैलाई एक घर एक धारा अर्थात् आधारभूत तहको खानेपानी तथा सरसफाइ पुर्याउने र सन २०३० सम्म दिगो विकास लक्ष्य हाँसिल हुने गरी उच्च स्तरको वास सेवा प्रदान गर्ने ।

### ४.१.१. खानेपानी योजना (निर्माण, मर्मत, स्तरोन्नति र गुणस्तर)

खानेपानीका क्षेत्रमा आगामी १० वर्ष भित्रमा नगरपालिका भरिका सम्पुर्ण नागरिकहरुलाई सुक्षित खानेपानीको पंहुच पुर्याउन आबस्यक पर्ने खानेपानी योजनाहरु निर्माण गर्ने, सुबिधा विस्तार तथा स्तरोन्नति गर्ने, मर्मत आबस्यक भएका योजनाहरुलाई मर्मत गर्ने र गुणस्तरमा सुधार गर्नुपर्ने योजनाहरुको गुणस्तर सुधार गर्ने यो वास योजनाको लक्ष्य रहेको छ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धी नं. १ सम्पूर्ण नगरवासीहरुलाई सुरक्षित खानेपानीको महत्व वारेमा जानकारी भै पानीको उपभोगमा सर्तकता अपनाएका हुनेछन्

उपलब्धी नं. २ नगरपालिकामा विभिन्न निकायहरुबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा सुधार विस्तार भएको हुनेछ ।

उपलब्धी नं. ३ हाल सम्म खानेपानी आायोजनाहरु नपरेका क्षेत्रहरुमा प्राथमिकता दिई नयाँ (लघु तथा बृहत) आयोजनाहरु निर्माण गरिनेछ ।

उपलब्धी नं. ४ श्रोत संरक्षणका कार्यक्रमहरुलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरु सँग एकिकृत गरी सञ्चालन गरिनेछ ।

उपलब्धी नं. ५ निर्माणाधिन तथा अब बन्ने ठूला प्रकृतिका नयाँ आयोजनाहरुमा पानी प्रशोधन प्रणाली सहित निजि धारा वितरण गर्ने गरी आबश्यक संरचनाहरु निर्माण गरिनेछ ।

उपलब्धी नं. ६ खानेपानी योजना उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाको सुचारुपन पनि कायम हुनेछ ।

### ४.१.२ पूर्ण सरसफाई यूक्त समुदाय

नगरपालिकामा अहिले पनि १९०८ (१५%) घरमा चर्पी नै नहुनुलाई पूर्ण सरसफाइ प्रवद्र्धनको लागि ठूलो चुनौतिको रुपमा लिन सकिन्छ । २६% घरहरुमा अझै पनि कच्ची चर्पी रहेको छ भने ४% ले अझै साझेदारीमा चर्पी प्रयोग गरिरहेकाछन् , ८%ले चर्पी सम्पन्न गरेका छैनन् | यी सबैलाई जोडेर हेर्दा अझै पनि ६७६३ (५३.२%)

घरधुरी केन्द्रित भएर सरसफाइ गुरुयोजनाले तोके अनुसारको चर्पी निर्माण गर्न खुला दिसामुक्त अभियानको बेलामा जस्तै अभियान नै संचालन गर्नुपर्ने देखिन्छ | यस अवस्थामा व्यापक सुधार गरी पूर्ण सरसफाइ अभियानको अवस्थामा पुग्नु धेरै चुनौति छ । नगर भित्रका घरहरुमा हात धुने सुबिधाको ब्यबस्था गर्ने अवस्थामा सुधार भएको छ तर अझै पनि प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन । मानिसहरुको सरसफाइ सम्बन्धी आनीबानीमा ठूलो परिवर्तन ल्याउन आवश्यक छ । ठोस तथा तरल फोहोर ब्यबस्थापन नगरपालिका तहमा नै राम्रो छैन । विशेष गरी नगरपालिकाको ठोस तथा तरल फोहोरको ब्यबस्थापनमा व्यापक सुधार गर्नुपर्ने छ ।

यस नगरपालिका वास योजनाले नेपाल सरकार, खानेपानी मन्त्रालयद्वारा तयार पारिएको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ का सिद्धान्त, लक्ष्य तथा रणनितिहरुलाई अंगिकार गरेको छ । त्यसैले यसमा प्रस्ताव गरिएका सरसफाईका कार्यक्रमहरुको कार्यान्वयन नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले परिलक्षित गरेको, अवधि लक्ष्य र सिद्धान्तका साथै दिगो विकास लक्ष्यले परिभाषित गरेका सरसफाइका सुविधास्तरका सुचकहरुलाई समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरु तय गरी कार्यान्वयन गर्दै जाने लक्ष्य लिइएको छ ।

सोहि पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले परिभाषित गरेको सन २०३० सम्म "सबैको लागि र सधैको लागि पूर्ण सरसफाइ" को अवस्था हासिल गर्नेतर्फ उन्मुख हुन यस नगरपालिका वास गुरुयोजनाले सन २०३० सम्ममा सम्पुर्ण नगरपालिकालाई पुर्ण सरसफाई युक्त नगरपालिकाको स्तरमा पु¥याउने लक्ष्य लिएको छ । यसको लागि तपसिलका आवधिक योजनाहरु तय गरिएको छ ।

पहिलो चरणः यस चरणमा सन २०२२ सम्ममा ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

दोश्रो चरणः यसचरणमा सन २०२५ सम्ममा थप ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

तेश्रो चरणः यसचरणमा सन २०३० सम्ममा थप ४ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ । सम्पुर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरिने लक्ष्य लिइएको छ । सम्पुर्ण विद्यालय, सार्वजनिक स्थान तथा स्वास्थ्य र संघ संस्थाहरुमा महिलामैत्रि, अपाङ्गमैत्रि तथा बालमैत्रि शौचालयहरुको व्यवस्था गरिने छ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धि नं. १ समुदायका सबै घर परिवारमा पक्की शौचालयको स्तरोन्नति गरी पूर्णरुपमा प्रयोग गरेका हुनेछन् ।

उपलब्धि नं. २ खुल्ला रुपमा फोहोर फाल्ने प्रबृतिको नियन्त्रण र न्युनिकरण भएको हुनेछ । सो प्रयोजनका लागि कम्तिमा एउटा व्यवस्थित ल्याण्डफिल साइटको निर्माण हुनेछ ।

उपलब्धि नं ३ नगरपालिकाका आबस्यक सार्बजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण भइ व्यवस्थित रुपमा संचालनमा आउने छन ।

उपलब्धि नं ४ समुदायका कम्तिमा आधा घरपरिवारको शौचालयको मानवजन्य लेदो व्यवस्थापन भएको र बांकी आधा घरपरिवारको स्वयमले नै सुरक्षित व्यवस्थापन भएको हुनेछ ।

उपलब्धि नं ५ समुदायका सम्पुर्ण व्यक्तिहरुले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धोएका हुने छन

उपलब्धि नं ६ समुदायका सम्पुर्ण महिलाहरुले महिनावारी स्वच्छताको महत्व जानकारी पाउने छन । ५० प्रतिशतले स्यानिटरी प्याड र बांकी ५० प्रतिशतले पुनःप्रयोग गर्न मिल्ने सफा कपडाको प्रयोग गरेका हुनेछन ।

## ४.१.३ विद्यालय पूर्ण सरसफाइ

आगामी १० वर्ष भित्रमा नगरपाािलिकामा रहेका सम्पुर्ण सामुदायिक विद्यालय, कलेज, प्राविधिक विद्यालयहरुमा सुरक्षित खानेपानी र प्रयोगकर्ता मैत्रि शौचालयहरुको विकास गरि सम्पुर्ण शैक्षिक संस्थाहरुलाई पुर्ण सरसफाइ युक्त विद्यालय घोषणा हुनेछ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धि नं. १ सबै सामुदायिक र संस्थागत शिक्षालयमा बाल, अपाङ्ग र लैंगिकमैत्री शौचालय भएका हुनेछन ।

उपलब्धि नं. २ सबै सामुदायिक र संस्थागत विद्यालयहरु, सबै प्रकारका क्याम्पस एवं कलेजहरु, प्राविधिक शिक्षालयहरुमा खानेपानीको ब्यबस्था हुनेछ भने शौचालयहरु नियमित सरसफाइ गरी प्रयोग योग्य हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण बिद्यालयहरु पूर्णसरसफाइ क्षेत्रको रुपमा विकसित भएको हुनेछ ।

## ४.१.३ कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ

आगामी तिन वर्षमा यस नगरपालिका भरिका सबै सरकारी, गैर सरकारी र निजि क्षेत्रका कार्यालयहरुमा सुरक्षित खानेपानी र स्वच्छ शौचालयको व्यवस्था हुनेछ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धि नं. १ तिन बर्षभित्र सम्पूर्ण कार्यालयहरुमा प्रयोगकर्ता मैत्री शौचालय, खानेपानी र हात धुने ब्यवस्था भएको हुनेछ ।

उपलब्धि नं. २ सबै कार्यालयहरुमा आआफ्नो कार्यालयको ब्यवस्थापनका साथै रंगरोगन र बगैचा ब्यवस्थित भएको हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण कर्मचारीहरुको सरसफाइ सम्बन्धि ब्यवहारमा परिवर्तन आएको हुनेछ

## ४.१.४ ठोस तथा तरल फोहोर व्यवस्थापन र महिनावारी स्वच्छता प्रवद्र्धन

आगामी दस वर्षमा यस नगरपालिका भरिका सबै बजार क्षेत्रमा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणाली स्थापना तथा सबै स्थानका महिलाहरु महिनावारी स्वच्छता प्रवद्र्धनका विषयमा जानकार र व्यवहार परिवर्तन भएको हुने छ ।

**अपेक्षित उपलब्धिहरु**

उपलब्धि नं. १ दस बर्ष भित्र सम्पूर्ण बजार क्षेत्रमा फोहोरको वर्गिकरण गरि फोहोर संकलन तथा व्यवस्थापनका लागि ल्याण्डफील साइट निर्माण तथा परिचालन भएको हुनेछ ।

उपलब्धि नं २  दस बर्ष भित्र सम्पूर्ण बजार क्षेत्रमा ढलहरु निर्माण हुने र ढलको व्यवस्थापनका लागि ढल प्रशोधन इकाइहरु बनाएर परिचालन भएको हुनेछ ।

उपलब्धि नं ३ दस बर्ष भित्रमा समुदायमा स्वास्थ्य कार्यकर्ताहरुको परिचालनबाट महिनावारी स्वच्छता प्रवद्र्धनका अभियानहरु संचालन गरि कम्तिमा ५० प्रतिशत महिनावारी भएका महिलाहरुले सुरक्षित स्यानिटरी प्याडको प्रयोग गरेका हुने छन र बांकी ५० प्रतिशतले पनि सफा कपडाको प्रयोग गर्ने र सरसफाईमा विशेष ध्यान पु¥याएका हुने छन ।

## ४.२ खानेपानी, सरसफाई तथा स्वच्छता योजना कार्यान्वयन रणनीति

नगरपालिका द्वारा तय गरिएका खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सम्वन्धि लक्ष्य पुरा गर्न नगरपालिका क्षेत्रमा भएका सरोकारवालाहरुको छरिएका प्रयासहरुलाई एकीकृत गर्नु नै यस योजनाको प्रमुख रणनिति हुनेछ । तसर्थ नगरपालिका क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरुले आफ्नो कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनितिहरु अवलम्वन गरिने छ ।

- नगरपालिकामा हाल सम्म पनि सुरक्षित खानेपानीको पहुँच नपुगेका जनसमुदायलाई सुरक्षित खानेपानीको सेवा उपलब्ध गराउने
- नगरपालिकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरु संग समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- स्थानीय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ ।
- वडाहरुले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसफाईका क्षेत्रमा पनि आबस्यकता अनुसारको रकम विनियोजन गर्ने निति कार्यान्वयन गरिने छ ।
- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांग मैत्री खानेपानीका संरचना एवं चर्पी निर्माण तथा प्रयोगको सुनिश्चतता गरीनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा यूरिनल सहितका शौचालय निर्माण गरिनेछ । माध्यामिक तहका बिद्यालयहरुमा महिनावारी स्वच्छता सामाग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गरिनेछ ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच  र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।

- घरयासी चर्पी निर्माणको लागि सम्वन्धित घरपरिवारलाई नै जिम्मेवार बनाईने छ र त्यसको लागि कुनै प्रकारको आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रुपमा अशक्त, अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरुका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने निति लिईने छ।
- चर्पी बनाउने आर्थिक हैसियत भएकाले पनि चर्पी बनाउन अटेर गरेमा नगरपालिका बाट उपलब्ध गराउने सिफारिस तथा सहयोगहरु चर्पी नवनाउदा सम्मको लागि स्थगन गरिनेछ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रुपको सशुल्क विधिमा पुनर्विचार गरि विभिन्न आय आर्जनका गतिविधिहरु संग जोडिने छ जस्तै अगाडि पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोवार ग्याँसमा जडान गर्ने आदि।
- समुदायमा गोवरग्याँस, सुधारीएको चुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरुमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्य योजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण क्रियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्धाहरुलाई पहिचान र सम्बोधन गरिनेछ।
- सरोकारवाला तथा निकायहरुले नगरपालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता रणनीतिसँग मेल हुने गरी आफ्ना कार्य योजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ।
- जलवायु परिवर्तनका असरहरु कम गर्न जलवाय अनुकुलन योजनालाई विशेष प्राथमिकतामा राखी कार्यान्वियन गरिने छ।
- वाश योजनाको कार्यान्वियनको नियमित अनुगमन तथा आवश्यक परेमा परिमार्जन गर्ने समेत जिम्मा नगरपालिकाको हुनेछ।
- नंया निर्माण हुने योजनामा खानेपानी सुरक्षा योजना लागु गरिने छ तथा चालु योजनाहरुमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाइ लागु गरिने छ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाईका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरु कार्यान्वियनका लागि नगरपालिकामा वास शाखा गठन गरिने छ। उक्त वास यूनिट अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरु अध्यावधिक गरिनेछ।
- बजार र बजार उन्मुख क्षेत्रहरुमा उत्पन्न हुने ठोस तथा तरल फोहोरको बर्गिकरण तथा ब्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्र को निर्माण गरीनेछ।
- खानेपानी, सरसफाइ र स्वच्छता प्रवद्र्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरुको क्षमता अभिवृद्धि लागि प्राथमिकता दिइने छ।
- खानेपानी तथा सरसफाई सेवाको दिगोपनाका लागि निजि संस्थाहरुको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न नगरपालिकाले भुमिका खेल्ने छ।
- नगरपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिने छ।
- नगरपालिकामा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ। जसको संचालन नगरपालिका वास समन्वय समितिले गर्ने छ।

**विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना**

खानेपानी प्रणालीहरूको सुचारूपनमा प्रभाव पार्ने तत्वहरूमा प्रणालीहरूका व्यवस्थापन क्षमता तथा बित्तिय संभाव्यता प्रमुख रूपमा रहने भएतापनि सुख्खा याम सङ्गै घट्दो पानीको उपलब्धता मुख्य निर्णायक कारक हुने गर्दछ। एकातिर पानीका श्रोतहरू सुक्दै गएको बारेमा मुलुकका धेरै भूभागमा अनुभव गरिएको छ भने अर्को तिर हालको एक घर एक धाराको सरकारी नीति र दीगो विकासका लक्ष्य अनुरूप सार्बजनिक धाराको सट्टामा निजि धारा जडानको अवधारणाका कारण पानीको माग वृद्धि हुन जाने देखिन्छ। यसले गर्दा पानीका श्रोतहरू माथि थप दबाब श्रृजना हुन पुग्दछ।

पानीका श्रोतहरू घट्नुका कारणहरू अनेक हुन सक्छन्: भू-उपयोग तथा स्थानीय विकास गतिविधि जस्ता मानवजन्य क्रियाकलाप, जलवायु परिवर्तनका कारण बर्षाको अनिमियतता, मुहानको अतिक्रमण तथा जलाधार क्षेत्रको संरक्षणमा वेवास्ता वा आम रूपमा पोखरीहरू निर्माण गर्ने परम्परागत जलश्रोत व्यवस्थापनका तौर तरिकाहरूको अभ्यासमा आएको ह्रास आदि।

## अध्याय ५ : कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकिकरण

### ५.१. खानेपानी योजनाहरुको पहिचान तथा योजना

#### ५.१.१ नयां खानेपानी योजनाहरु

नयाँ खानेपानीहरु निर्माण गर्दा खेरि एक घर एक धाराको निति अवलम्वन गरिनुका साथै भुमिगत पानीको श्रोत भएकोले ओभरहेड टैंकको अलावा पानी शुद्धिकरणका लागि आवश्यक संरचनाहरु पनि निर्माण गरिने छ। यस क्षेत्रमा ग्राभिटी फ्लो प्रणालीको खानेपानी योजना सञ्चालन गर्न सम्भव छैन भने अधिकांश क्षेत्रमा डिप, वोरिङ, ओभरहेड ट्यांकीवाट वितरण र ट्यूवेल यहाका वैकल्पिक प्रविधि हो। तर डिप वोरिङ र ओभरहेड प्रविधिको लागि धेरै ठूलो लागत आवश्यक पर्ने र त्यस किसिमका योजना सञ्चालन गर्नका लागि सहयोग गर्ने सहयोगी तथा दातृ निकायको पहिचान पनि गर्नु पर्ने हुन सक्छ।

नयाँ खानेपानी योजनाका लागि लागत अनुमान गर्दा हाल प्रचलनमा रहेको हिसाव रु १०,५०० प्रति व्यक्तिको दरले प्रक्षेपण गरिएको छ तर भविष्यमा गरिने योजनामा जनसंख्या बृद्दि र प्रति व्यक्ति लागत समेत फरक पर्न अनुमानीत लागत बढन सक्नेछ। पहिलो वर्षमा सबै जसो योजनाहरुको विज्ञहरुको सहयोगमा सर्वेक्षण तथा अनुमानित लागत निकालिने छ र विज्ञहरुले योजनाको विस्तृत सर्वेक्षणका क्रममा केहि योजनाहरु थप घट गरेर पनि लागत अध्ययन गर्न सक्नेछन। खानेपानी तथा सरसफाइ सेवाको माग भएको स्थानमा उ.स.ले माग गरे बमोजिम आयोजनाको छनौट भई आयोजनाको सम्भाव्यता अध्ययन,लगत इस्टिमेसन पश्चात **बिस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report)** तयार गरी आयोजनाको निर्माण कार्य अगाडी बढाइने छ भने जनशक्ति उपलब्ध नभएमा परामर्श सेवा मार्फत पनि बिस्तृत आयोजना प्रतिवेदन तयार गरिने छ। यसमा लागत, समय, जनशक्ति ,लाभग्राही र आयोजनाको आयु जस्ता पक्षहरु समेटिने छ। आधारभुत तहको खानेपानी सेवा उपलव्ध गराउनको लागि हाललाई निम्न अनुसारको नयाँ खानेपानी आयोजना प्रस्ताव गरिएको छ।

| क्र स | कृयाकलाप/ योजना | वडा नं | टोल | घरधुरी | जनसंख्या | योजनाको किसिम | अनुमानित लागत | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| | रामपुर खानेपानी तथा सरसफाई योजना | ७ | भिम्मापुर, खोल्टीनीपुर, लाहुरेटोल, रामपुर, बेलाशा, शंकरपुर लाच्चीपुर | ७८० | | | | १ |
| | त्रिवेनी बजार खानेपानी तथा सरसफाई | ५ | जयपुर, कृष्णानगर, काटी, श्रीपुर, झप्टी, चितैनपुर | ३६७ | | | | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | योजना | | | | | | | |
| | मंगलपुर खानेपानी तथा सरसफाई योजना । | १० | मंगलपुर, कालाबन्जर, लालपुर, आनन्दनगर, पखौपुर, उत्तर खैरी, दक्षिण खैरी, पहाडीपुर, हरीनगर, भगरानपुर, भगतपुर, कर्मोहनी, दिमार्केसन, कजेनीपुर | १२०९ | | | | ३ |
| | धोविनपुर खानेपानी तथा सरसफाई योजना | ८ | धोविनपुर, भोकपुर, ओस्ताजपुर, सदुवा, बन्जारीतार, पुरैना | १०८४ | | | | ४ |
| | तिनघररुवा खानेपानी तथा सरसफाई योजना | ९ | तिनघरुवा, दिपनगर, बनियाँपुर, ईश्वरीगंज, सडकपुर, गुल्रा | ४२४ | | | | ५ |
| | दौलतपुर खानेपानी तथा सरसफाई योजना | १ | मनपरीपुर, चनौरा, दौलतपुर, मुर्घहवा | ४९९ | | | | ६ |
| | नयाँगाउ खानेपानी | २ | नयाँगाउँ, सोहरीया, चैनपुर | ७०३ | | | | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा सरसफाई योजना | | | | | | | |
| | प्रयागपुर खानेपानी तथा सरसफाई योजना | ३ | सिंन्दुरा, लक्ष्मीपुर, प्रयागपुर, मुरैया, तिघ्रा, चख्खापुर,टेडिया, रसपुरवा | १२३४ | | | | ८ |
| | बदालपुर खानेपानी तथा सरसफाई योजना | ५ | बदालपुर, पहाडीपुर, बसन्ता, निहालपुर, भैरा, दयारामपुर, खल्लाजयपुर, छौट्की भौरा, मुखियाजपुर | १०७६ | | | | ९ |
| | सोनपुर खानेपानी तथा सरसफाई योजना | १ | छोट्की दौलतपुर, सोनपुर, कोठारपुर, झबही, टिहुनी, हिमालीपुर | ७७४ | | | | १० |
| | गोडियाना खानेपानी तथा सरसफाई योजना | ९ | गोडियाना, चैनपुर, दुर्गानगर | ६७६ | | | | ११ |

### ५.१.२ संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार, पुनर्निर्माण, स्तरोन्नती

स्तरोन्नति तथा विस्तार गरिने खानेपानी योजनाहरुको विवरण

| क्र स | कृयाकलाप/योजना | वडा नं | टोल | घरधुरी | योजनाको किसिम | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| | राजापुर खानेपानी तथा सरसफाई योजना | ४ | राजापुर बजार, दलै, अनन्नतपुर, | ५०५ | | |

### ५.१.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता

सम्पुर्ण निर्माण सम्पन्न भइ सकेका र निर्माणाधिनका अलावा प्रस्तावित खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरिने छ।

## ५.२ सरसफाई योजनाहरुको पहिचान तथा योजना

### ५.२.१ घरयासी शौचालय निर्माण तथा स्तरोन्नति

घरयासी शौचालयहरु निर्माण तथा स्तरोन्नतिका लागि अनुगमन समिति बनाएर अनुगमन चर्पी नभएका घरहरुलाई निश्चित समय दिएर बनाउन लगाइने छ र चर्पी नबनाउने घरहरुलाइ रणनितिमा उल्लेख भए बमोजिम कार्वाहीको प्रकृया अगाडी बढाइने छ । साझेदारी तथा प्यान सम्म पक्का भएका चर्पीहरुलाई अनुगमन, जनचेतनाका माध्यमबाट चर्पी बनाउन लगाइने छ भने हालसम्म कच्ची भएका र चर्पी नै नभएका घरहरुलाई केहि सहयोग उपलब्ध गराएर भए पनि निर्माण गर्न लगाइने छ।

| क्र स | शौचालय नभएका घर | कच्चि चर्पी सुधार | जम्मा संख्या | अनुमानित लागत |
|---|---|---|---|---|
| १ | २५२ | १७० | ४२२ | २११०००० |
| २ | १५१ | ६३७ | ७८८ | ३९४०००० |
| ३ | १५५ | १३५ | २९० | १४५०००० |
| ४ | २२१ | १०३ | ३२४ | १६२०००० |
| ५ | १६८ | १९७ | ३६५ | १८२५००० |
| ६ | २३६ | ५५७ | ७९३ | ३९६५००० |
| ७ | १८१ | १५६ | ३३७ | १६८५००० |
| ८ | २७३ | ३३६ | ६०९ | ३०४५००० |
| ९ | ६८ | २५७ | ३२५ | १६२५००० |
| १० | २०३ | ७११ | ९१४ | ४५७०००० |
| जम्मा | १९०८ | ३२५९ | ५१६७ | २५८३५००० |

### ५.२.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, संचालन तथा मर्मतका लागि सम्वन्धित संस्थाहरुलाई जिम्मेवार बनाइने छ । धैरै जसो स्थानमा शौचालयहरु भएको तथा संचालनको अवस्था खराव रहेको र संरचनाहरु बाल मैत्रि, अपाङ्ग मैत्रि तथा महिला मैत्रि नभएको अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरुको हकमा भने मर्मत सम्भारको ग्यारेन्टि पछि मात्र निर्माण गरिने छ ।

**संस्थागत शौचालय निर्माण तथा मर्मत विवरण**

| क्र स | कृयाकलापर योजना | वडा नं | टोल | अनुमानित लागत |
|---|---|---|---|---|
| १ | रसपुरुवा सार्वजनिक सौचालय | ३ | रसपुरुवा | |
| २ | रामपुर सार्वजनिक सौचालय | ७ | रामपुर | |
| ३ | सड्डुवा बन्जारीतार चोक सार्वजनिक सौचालय | ८ | सड्डुवा बन्जारीतार | |
| ४ | सडकपुर सार्वजनिक सौचालय | ९ | सडकपुर | |
| ५ | सोनपुर सार्वजनिक सौचालय | १ | सोनपुर | |
| ६ | सोहरीया सार्वजनिक सौचालय | २ | सोहरीया | |
| ७ | सामुदायिक भवन छोट्की भौरा सार्वजनिक सौचालय | ५ | छोट्की भौरा | |
| ८ | ज्ञानोदय प्रा. वि. बसन्ता सार्वजनिक सौचालय | ५ | ज्ञानोदय प्रा. वि. बसन्ता | |
| ९ | घुम्ना गाउँघर क्लिनिक नजिक | ४ | घुम्ना गाउँघर | |
| १० | छोट्की दौलतपुर सार्वजनिक सौचालय | १ | | |
| ११ | टेडिया चोक सार्वजनिक सौचालय | ३ | | |
| १२ | टपरा पुर्व साईट सार्वजनिक सौचालय | ६ | | |
| १३ | बसपार्क सार्वजनिक सौचालय | ४ | | |
| १४ | बसपार्क सार्वजनिक सौचालय | ४ | | |
| १५ | बेलाशा सार्वजनिक सौचालय | ७ | | |
| १६ | बेलुवा सार्वजनिक सौचालय | ६ | | |

| | | | | |
|---|---|---|---|---|
| १७ | बड्की भिम्मापुर सार्वजनिक सौचालय | ७ | | |
| १८ | बाजुरा टोल सार्वजनिक सौचालय | ७ | | |
| १९ | बाजी सडुवा सामुदायिक भवन सार्वजनिक सौचालय | ५ | | |
| २० | बानियापुर सार्वजनिक सौचालय | ८ | | |
| २१ | बालाबजार सार्वजनिक सौचालय | २ | | |
| २२ | बड्की दौलतपुर सार्वजनिक सौचालय | १ | | |
| २३ | छोट्की दौलतपुर सार्वजनिक सौचालय | १ | | |
| २४ | दयरामपुर सामुदायीक भवन सार्वजनिक सौचालय | ५ | | |
| २५ | दुर्गानगर सार्वजनिक सौचालय | ८ | | |
| २६ | अमर शहिद बहुमुखी क्याम्पस सार्वजनिक सौचालय | ४ | | |
| २७ | अमर शहिद दशरथ चन्द मा. वि. सार्वजनिक सौचालय | ४ | | |
| २८ | ओस्ताजपुर सार्वजनिक सौचालय | ८ | | |
| २९ | मुरैया सार्वजनिक सौचालय | ३ | | |
| ३० | मंगलपुर चोक सार्वजनिक सौचालय | १० | | |
| ३१ | मुर्घवा सार्वजनिक सौचालय | १ | | |
| ३२ | मानपुर टपरा मा वि सार्वजनिक सौचालय | ६ | | |
| ३३ | मानपुर गौरीचोक सार्वजनिक सौचालय | ६ | | |
| ३४ | मनपरीपुर सार्वजनिक सौचालय | १ | | |
| ३५ | मुखियाजपुर सामुदायिक भवन सार्वजनिक सौचालय | ५ | | |
| ३६ | भेरी मा वि **सार्वजनिक सौचालय** | ८ | | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | भोकपुर सार्वजनिक सौचालय | ८ | | |
| ३८ | झबही सार्वजनिक सौचालय | १ | | |
| ३९ | झप्टी सामुदायिक भवन सार्वजनिक सौचालय | ५ | | |
| ४० | झप्टी चोक सार्वजनिक सौचालय | ६ | | |
| ४१ | भग्रानपुर चोक सार्वजनिक सौचालय | १० | | |
| ४२ | नेपाल राष्टिय मा वि नयाँगाउ सार्वजनिक सौचालय | २ | | |
| ४३ | नेपाल राष्टिय मा वि गोडियान सार्वजनिक सौचालय | ९ | | |
| ४४ | नयाँगाउ सार्वजनिक सौचालय | २ | | |
| ४५ | जोतपुर सार्वजनिक सौचालय | २ | | |
| ४६ | जोगीपुर सार्वजनिक सौचालय | ६ | | |
| ४७ | जनचेटना मा वि सार्वजनिक सौचालय | १० | | |
| ४८ | जयपुर सामुदायिक भवन सार्वजनिक सौचालय | ५ | | |
| ४९ | पुरौना सार्वजनिक सौचालय | ८ | | |
| ५० | प्रयागपुर सार्वजनिक सौचालय | ३ | | |
| ५१ | पद्मकुमारी मा वि सार्वजनिक सौचालय | ५ | | |
| ५२ | सिन्दुरा सार्वजनिक सौचालय | ३ | | |
| ५३ | टिहुनी सार्वजनिक सौचालय | १ | | |
| ५४ | डिमार्केसन मिलन चोक सार्वजनिक सौचालय | १० | | |
| ५५ | बिच्का बरगडही प्रतिक्षालय सार्वजनिक सौचालय | २ | | |
| ५६ | दिपनगर सार्वजनिक सौचालय | ૮ | | |
| ५७ | थारु संग्राहलय गुवारी सार्वजनिक सौचालय | २ | | |

| | | | | |
|---|---|---|---|---|
| ५८ | निहालपुर सामुदायिक भवन सार्वजनिक सौचालय | ५ | | |
| ५९ | त्रिवेणी चोक भिम्मापुर सार्वजनिक सौचालय | ७ | | |
| ६० | त्रिवेनी बजार सार्वजनिक सौचालय | ५ | | |
| ६१ | किसान मा वि सार्वजनिक सौचालय | ५ | | |
| ६२ | तिघ्रा सार्वजनिक सौचालय | ३ | | |
| ६३ | तिनघरुवा सार्वजनिक सौचालय | ८ | | |
| ६४ | हिमालीपुर सार्वजनिक सौचालय | १ | | |
| ६५ | शिव मन्दिर सार्वजनिक सौचालय | ४ | | |
| ६६ | लाहुरेटोल सार्वजनिक सौचालय | ७ | | |
| ६७ | लक्ष्मीपुर सार्वजनिक सौचालय | ३ | | |
| ६८ | ईश्वरीगंज सार्वजनिक सौचालय | ८ | | |
| ६९ | चैनपुर सार्वजनिक सौचालय | ८ | | |
| ७० | चनौरा सार्वजनिक सौचालय | १ | | |
| ७१ | कृष्णनगर सामुदायिक भवन सार्वजनिक सौचालय | ५ | | |
| ७२ | कोठारपुर सार्वजनिक सौचालय | १ | | |
| ७३ | कोठीयाघाट बजार सार्वजनिक सौचालय | १० | | |
| ७४ | कालिका मा वि चनौरा सार्वजनिक सौचालय | १ | | |
| ७५ | गणेश मन्दिर सार्वजनिक सौचालय | ४ | | |
| ७६ | गोडियाना सार्वजनिक सौचालय | ८ | | |
| ७७ | खेलकुद मैदान, बदालपुरसार्वजनिक सौचालय | ५ | | |
| ७८ | खेलकुद मैदान, खल्लाजयपुर सार्वजनिक सौचालय | ५ | | |

| | | | | |
|---|---|---|---|---|
| ७९ | धोविनपुर सार्वजनिक सौचालय | ८ | | |
| ८० | हनुमान कुटी सार्वजनिक सौचालय | १० | | |
| ८१ | थारु संग्राहलय बर्का भौरा सार्वजनिक सौचालय | ५ | | |
| ८२ | शंकरपुर सार्वजनिक सौचालय | ७ | | |
| ८३ | शान्तिपुर चोक सार्वजनिक सौचालय | ४ | | |

## वाश योजनाको कार्यान्वयन तथा अनुगमन

**अनुगमनको तह :**

अनुगमनको तह यस प्रकार हुनेछ :

**टोल/समुदाय स्तर:** टोल विकास समिति/बडघर अर्थात् समुदाय आफै, संघ/संस्थाहरू जस्तै विद्यालय, सामुदायिक वन, स्वास्थ्य संस्थाहरू

**वडा स्तर**: वडा कार्यालय/वडा समिति/वडा खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिती

नगरपालिका स्तर: उप प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले पनि वाश योजनामा प्रस्ताव गरिएका कृयाकलापहरु संचालन, प्रभावकारी कार्यान्वयन तथा सुचकहरु समयमै हाँसिल गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने ब्यवस्था मिलाइने छ, सो कार्यमा नगरपालिका खानेपानी , सरसफाइ तथा स्वच्छता समन्वय समितिले आवश्कताका आधारमा सबै सहयोग प्रदान गर्ने बातावरण निर्माण गरिने छ ।

**संस्थागत संरचना,सरोकारवालाहरुको भूमिका र जिम्मेवारी**

**सरोकारवालाहरुको भूमिका र जिम्मेवारी :**

| **क्र.स** | **सरोकारवाला निकायहरुको विवरण** | **भूमिका र जिम्मेवारी** |
|---|---|---|
| १ | नगरपालिका | – स्थानीय स्तरमा खानेपानी,सरसफाइ तथा स्वच्छता प्रर्वद्धनमा नेतृत्व प्रदान गर्ने ।<br>– स्थानीय साधन स्रोतको प्रभावकारी उपयोग गर्ने गराउने ।<br>– स्थानीय सरोकारवालाहरुसँग समन्वयकारी भूमिका खेल्ने ।<br>– वाश योजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन |

| | | |
|---|---|---|
| | – बजेट तथा मानव संसोधन व्यवस्थापन गर्ने<br>– नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थान<br>– अनुगमन, नियमन र सुपरीवेक्षण |
| २ | वडा कार्यालय | – स्थानीय स्तरमा खानेपानी,सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा समन्वय तथा नेतृत्व प्रदान गर्ने,<br>– सामाजिक परिचालनका अभियानमा नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थान<br>– अनुगमन, नियमन र सुपरीवेक्षण |
| ३ | नगरपालिका स्थित खानेपानी सरसफाइ तथा स्वच्छता शाखा | – कार्यक्रमको मुख्य सहयोगीको भूमिकामा रही आफ्नो कार्यालयमा उपलब्ध आर्थिक र मानवीय स्रोतलाई खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा परिचालन गर्ने,<br>– खानेपानी आयोजनाको निर्माण, मर्मत सुधार तथा क्षमता विकासमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने । |
| ४ | नगरपालिका स्थित शिक्षा शाखा | – विद्यालयको अगुवाइमा सरसफाइ तथा स्वच्छता सम्बन्धी आनिबानीमा परिवर्तन अभियान कार्यक्रमको नेतृत्व गर्दै हरेक विद्यालयमा पूर्णसरसफाइ कार्यक्रम संचालन गर्ने, |
| ५ | नगरपालिका स्थित स्वास्थ्य शाखा | – स्वास्थ्य, उपस्वास्थ्य चौकीहरुमार्फत हातधुने र अन्य सरसफाइ तथा स्वच्छता कार्यक्रमलाई अगाडि बढाउने,सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानीमा परिवर्तन अभियान कार्यक्रममा स्वयंसेवीका, मासिकाहरुलाई परिचालन गर्ने, |
| ६ | नगरपालिका स्थित महिला तथा वालवालिका शाखा | – महिला सहभागिता अभिवृद्धि गर्नका लागि सशक्तिकरणका कार्यक्रम संचालन गर्ने,<br>– महिला सहकारी संस्था तथा समूहहरु परिचालन गर्ने,<br>– वालक्लवहरुलाई सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यमा लाग्न सक्षम वनाउने |
